अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : ८ / २०८३ भदौ २६ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Sep. 11, 2026 / मूल्य रु. १०/-

## भाद्र २३ र २४ को घटनालाई एउटै आँखाले नहेरौँ

काठमाडौ । २०८२ भाद्र २३ र २४ गते भएको घटनाहरूलाई एकै ठाउँमा राखेर हेरियो । यो नै गलत कार्य थियो । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा विद्यार्थी भाइबैनीहरूलाई प्रयोग गरिएको थियो । सो दिन १२ बजेस्म्म विरोध प्रदर्शन शान्तिपूर्ण रूपमा रहेपनि जब केही मानिसहरु विरोध प्रदर्शनमा सहभागि भएका व्यक्तिहरु को थिए ? उनीहरूको मक्सद के थियो भन्ने सूचना सुरक्षा निकायले पाउन नसकेकै कारण र पानी बाँड्न आएको बताउने हालका गृहमन्त्री गुधन गुरूङले प्रदर्शनको नेतृत्व लिए । त्यसपछिमात्र बानेश्वरमा गोली चलेको थियो ।

सो घटनाको छानविन गर्न पूर्व न्यायाधिश गौरी बहादुर कार्कीको नेतृत्वमा तत्कालिन प्रधानमन्त्री सुशिला कार्की नेतत्वको सरकारले समिति गठन गरेको थियो । सो समितिले गोली कसले चलायो,

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## गत भाद्र २३ र २४ को घटना एउटै होइनन्

काठमाडौ । गत २३ र २४ गतेको घटनालाई एउटै डालोमा हाल्दा जेनजीहरूले न्याय पाउँदैनन् । यति बेला मुलुक राष्ट्रिय शोकमा छ २०८२ सालमा समेत यहि भाद्र महिनामा मानव सिर्जिन विध्वसले मुलुक शोकमा परेको थियो । अहिले प्रकृत्तिले नै मुलुकलाई शोकमा पारेको छ ।

भाद्र १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले गर्दा ठुलो जनधनको क्षति भएको छ भने खबौँ खर्बको भौतिक संरचनाहरु ध्वस्त भएका छन् । यो कार्य भनेको प्राकृत्तिक विपत् हो । तर २०८२ साल भाद्र २३ मा गरिएको जेनजीहरूको विरोध प्रदर्शनलाई हाईज्याक गरेर केही संघ संस्थाहरु र केही व्यक्तिहरूले मुलुकमा महत्वपूर्ण संरचनाहरु आगजनी गरे । सिंहदरबार जलाइयो, संसद भवन जल्यो, सर्बोच्च अदालत जल्यो, राष्ट्रपति कार्यालय

>>> बाँकी ८ पेजमा

## सत्तापक्षकै मतदाता र समर्थकहरू सरकारलाई प्रश्न नगर भने दम्भमा छन्

काठमाडौ । प्रधानमन्त्री बालेन साहले शनिबार फेसबुकमा स्टाटस लेख्दै सम्वेदनशिल घडीमा पिडामा रहेकामाथि अनावश्यक टिप्पणी गर्ने, होच्याउने र थप पिडा दिन खोज्नेहरु अपराधी हुन् ती अपराधीप्रति सरकार निर्मम हुनेछ भन्ने उल्लेख गरेपछि नेपाल प्रहरीको साइबर व्यूरो सक्रिय भएको छ ।

प्रधानमन्त्रीले फेसबुकमा लेख्दै यस्तो प्रतिक्रिया दिनेहरूमाथि कारबाही गर्ने चेतावनी दिएपछि प्रहरी सक्रिय भएको जस्तो देखिएको छ । तर बाढी पिडितहरूमाथि नकारात्मक प्रतिक्रिया दिने क्रम रोकिएको छैन । पिडितहरूलाई पिडा थप्ने काम कसैले नगरौँ । पिडामाथि पिडा नथपौँ बरू मलम लगाऔँ ।

>>> बाँकी ८ पेजमा

# न त सुशासन कायम भयो न त पारदर्शिता नै ?

● बालेन सरकारप्रति रास्वपाकै नेता र जेनजीहरूको असन्तुष्टि ?

● के जेनजी आन्दोलन सरकार परिवर्तनको लागि थियो त ?

देवेन्द्र चुडाल



काठमाडौ । गत साल भाद्र २३ र २४ गते भएको विध्वसकारी घटना र त्यसपछि भएका षड्यन्त्रपूर्ण घटनाले गर्दा मुलुक संकटको भूमरीमा पर्दै गएको छ । २०८२ भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर केही व्यक्तिहरूले आफ्नो स्वार्थ पूरा गरेपनि मुलुकको लागि त्यो घातक सावित भएको छ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा रास्वपा सबै भन्दा ठुलो पार्टीमात्र बनेन झण्डै दुई तिहाई मत पाएर सरकारको नेतृत्वमा पुगेको छ ।

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएका बताउने सुधन गुरूङ अहिले गृहमन्त्री रहेका छन् भने आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साह प्रधानमन्त्री रहेका छन् ।

हालका गृहमन्त्री सुधन गुरूङ सहितका व्यक्तिहरूले २०८२ भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शन गर्न काठमाडौ सिडियो कार्यालयमा अनुमतिको लागि निवेदन दिएका थिए । तर तिनै गुरूङले आफूँ पानी बाड्नमात्र आएको नेता नभएको सार्वजनिक रूपमै सञ्चारमाध्यममा बताएका थिए । आफैँ कार्यक्रमको लागि अनुमति माग्ने अनि आफुँ पानी बाड्न मात्र आएको बताएका हुनाले 'दालमा कुछ काला है' भन्ने प्रष्ट भएको छ ।

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा किन क्याम्पस र विद्यालयका विद्यार्थीहरूलाई स्कूलपोसाकले नै माइतीघरमा ल्याएर छाडे, सो कुरा अभिभावकले समेत थाहा पाएनन् अभिभावकले आफ्ना बालबालिकालाई विहान स्कूल पठाएका थिए । तर क्याम्पस र स्कूल प्रशासनले किन माइतीघर पठाए ? त्यस विषयमा आजसम्म कुनै छानविन र अनुसन्धान समेत भएन किन ?

भाद्र २३ गतेको आन्दोलन सुशासन र पारदर्शिताको लाग गरिएको थियो तर भित्र भित्रैसत्ता पल्टाउने खेल भएको तथ्य जब विरोध प्रदर्शन माइतीघरबाट सुरु भयो विजलीबजार, नपुग्दै हातमा

>>> बाँकी ८ पेजमा

## भदौ २४ को विध्वंस योजनाबद्ध षड्यन्त्र थियो : अध्यक्ष ओली

काठमाडौं । नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गत वर्ष भदौ २३-२४ गते भएको हिंसा र विध्वंसलाई सामान्य जनआक्रोश नभई लोकतान्त्रिक व्यवस्था र संविधानको कोर्स उल्ट्याउने योजनाबद्ध प्रयास भएको बताएका छन् ।

भदौ २४ को घटनाको एक वर्ष पुगेको अवसरमा अध्यक्ष ओलीले भाद्र २४ गते जारी गरेको प्रेस वक्तव्यमा उनले प्रदर्शनका क्रममा ज्यान गुमाएका युवाहरु तथा प्रहरीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको स्वास्थ्यलाभको कामना गरेका छन् ।

अध्यक्ष ओलीले शान्तिपूर्ण प्रदर्शनमा आपराधिक समूहले घुसपैठ गरी हिंसात्मक बनाएको र त्यसपछि राष्ट्रपति भवन, प्रधानमन्त्री निवास, सिंहदरबार, संसद्, सर्वोच्च अदालत तथा सार्वजनिक-निजी सम्पत्तिमा भएको आगजनी र आक्रमण पूर्वनियोजित भएको उल्लेख गरे । उनले घटनाको वास्तविक छानबिन तथा सुरक्षा निकायको भूमिकाबारे प्रतिवेदन सार्वजनिक गर्नुपर्ने बताए ।

अध्यक्ष ओलीले विध्वंसका दोषीलाई उन्मुक्ति दिइएको र अनुसन्धान तथा अभियोजन रोकिएको भन्दै दण्डहीनता, राजनीतिको अपराधीकरण र हिंसालाई वैधता दिने प्रवृत्ति अन्त्य गर्नुपर्नेमा जोड दिए ।

>>> बाँकी ८ पेजमा

## न सुशासन, न पारदर्शिता के जेनजीहरूको माग यही थियो त ?

काठमाडौ । गत भाद्र २३ गते जेनजीहरूले गरेका विरोध प्रदर्शनलाई हाइज्याक गरेर केही व्यक्तिहरूले आफ्नो स्वार्थ पुरा गरिरहेको आरोप उनीहरूमाथि लाग्दै आएको छ । जेनजीहरूले सुशासन, पारदर्शिता र विधिको शासनको माग गरेका थिए । अहिले त्यही जेनजीहरूको विरोध प्रदर्शनमा सहभागि भएको रास्वपा नेतृत्वको बालेन सरकार रहेको छ ।

भाद्र २३ गतेको विरोध प्रदर्शनलाई कुनै अँध्यारो कोठामा बसेर निर्देशन दिने काठमाडौ महानगरका तत्कालिन मेयर बालेन अहिले प्रधानमन्त्री रहेका छन् । जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक



कार्यमा को को संलग्न रहेका थिए भनेर नत सुशिला कार्की नेतृत्वको सरकारले नै छानविन गऱ्यो नत बालेन सरकार नै छानविन गर्न अग्रसर भयो ?

भाद्र २३ को जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको भनेर ढाँट्ने सुधन गुरूङ नै अहिले गृहमन्त्री रहेका छन् । भाद्र २३ गते १२ बजेपछि जेनजीहरूको विरोध प्रदर्शनको नेतृत्व गुरूङले नै गरेपछि विरोध प्रदर्शनले उग्ररूप लिएको थियो । कालो पोसाकधारीहरूको हातमा टिओवी लेखिएको थियो । उनीहरूले नै शान्तिपूर्ण विरोध प्रदर्शनलाई उग्र बनाएका थिए ।

>>> बाँकी ८ पेजमा

## भाद्र २३ को जगमा टेकेर भाद्र २४ मा विध्वंसात्मक काण्ड भयो

काठमाडौ । मुलुक ठुलो संकटमा परेको बेला सबैभन्दा पूराना पार्टी नेपाली कांग्रेस भने मुलुकलाई संकटबाट माथि उठाउनुपर्ने बेलामा आफैँ संकटको भूमरीमा परेको छ । कांग्रेसभित्रको विवादले कांग्रेसलाई विभाजनको डिलमा पुऱ्याएको छ । कांग्रेस अहिले विभाजनको अवस्थामा पुगेको र अर्को पुरानो पार्टी नेकपा एमालेभित्र पनि संकट उत्पन्न गराउने प्रयास जारी रहेको छ ।

यी दुवै पार्टीहरूले निकै लामो समयदेखि आलोपालो सरकारले नेतृत्व गर्दै आएका र विभिन्न कठिनाईहरु भोग्दै आएका थिए । गत साल २०८२ मा भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यपछि पुराना पार्टीहरूप्रति एक किसिमको विरोधको लहर नै चलाइएको थियो । त्यसैको



मारमा कांग्रेस, एमाले र नेपाल कम्युनिष्ट पार्टीहरु परे भने मधेशवादी दलहरु र झण्डै किनारा नै लागेका छन् ।

जेनजीहरूको विरोध प्रदर्शन र विध्वसत्मक कार्यका दोष पुराना दलहरूलाई लगाएर सरकारी भवनहरु सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन लगायत दर्जनौँ सरकारी कार्यालयहरूमा आगजनी गरियो । राष्ट्रपतिको कार्यालयमा समेत आगजनी भयो । राष्ट्रपतिको कार्यालयमा समेत नेपाली सेनाले सुरक्षा दिन सकेन । २०८२ भाद्र २३ र २४ गतेको प्रकरणपछि असम्वैधानिक तवरले संसदले विघटन गरियो । संसद जिवितै रहेको अवस्थामा संविधान विपरित सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरियो ।

यी सबै कार्यहरूले गर्दा संविधान विपरितका सम्वैधानिक कार्य थियो । कार्की सरकारले संसद विघटन गर्दै २०८२ फागुन २१ गते संसदको निर्वाचन गराउने निर्णय गरेको थियो । सोही निर्णयअनुसार कार्की

>>> बाँकी ८ पेजमा

## संकटमा पर्दैछन् राजनीतिक नेतृत्वको भूमिका ?

काठमाडौ ।भाद्र १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले गर्दा ठुलो मात्रामा धनजनको क्षति भएको छ । १३ सय भन्दा बढी जनताले ज्यान गुमाएका छन् भने खबौँको भौतिक क्षति भएको छ । १० गतेदेखि नै केन्द्रीय सरकारले प्रदेश सरकार र स्थानीय सरकारको सहयोग लिनुपर्नेमा ४/५ दिनसम्म प्रदेश र स्थानीय तहको सरकारसँग केन्द्रीय सरकारले संयोजन गर्न नसकेको कारण उद्दार र राहतमा समेत समस्या देखिएको थियो । २०७२ सालमा गएको भूकम्पले नराम्ररी थिलथिलो भएका १२ जिल्ला मध्येको रसुवा, नुवाकोट र धादिङ, गोरखा यस पटक त्रिशुली नदिमा आएको बाढीको चपेटामा परेका छन् । उद्दार गरिएका विस्थापितहरु अलपत्र अवस्थामा

>>> बाँकी ८ पेजमा

# Palestine from condemnation to consequences

**Majid Nabi Burfat**

For years, the Palestinian question has occupied a peculiar position in international politics: almost universally acknowledged, repeatedly condemned, frequently debated at the United Nations, yet rarely accompanied by consequences strong enough to alter realities on the ground.

But recent developments suggest that something may be changing.

From Britain's emerging policy shift toward Israeli settlements, to renewed warnings from UN experts, to a strong joint statement by eight Arab and Muslim countries including Pakistan against proposals to displace Palestinians from Gaza, and now China's renewed emphasis on Palestine during President Xi Jinping's visit to Egypt, the international response appears to be moving— however cautiously— from condemnation towards consequences.

The crucial question is whether this movement will become substantive enough to change the trajectory on the ground.

**Britain: From rhetoric towards policy**

Britain's latest move is significant. The UK is set to impose a trade ban on goods produced in Israeli settlements in the occupied West Bank, presenting the measure as part of its support for the viability of a Two-State Solution. The economic impact is expected to be limited because settlement goods constitute only a small portion of UK-Israel trade, but its political significance could be considerably greater.

The British government had already stated that Israeli settlements are illegal under international law and undermine the viability of a Two-State Solution. It had also updated its business guidance to discourage economic and financial activity in illegal settlements.

This matters because the international community has for decades maintained that settlement expansion is unlawful, while practical consequences have remained limited.

UN Security Council Resolution 2334, adopted in 2016, reaffirmed that Israeli settlements in territory occupied since 1967, including East Jerusalem, have no legal validity and constitute a flagrant violation under international law.

The International Court of Justice went further in its July 2024 advisory opinion on the legal consequences of Israel's policies and practices in the Occupied Palestinian Territory. The Court addressed the illegality of Israel's continued presence and the obligations arising for states in relation to that situation.

So the real question is no longer simply: Are the settlements illegal?

The more consequential question is: Is the international community finally prepared to attach a meaningful political and economic cost to continued settlement expansion?

That question becomes even more urgent with the controversy surrounding the E1 settlement plan, which has generated international concern because of its potential impact on the territorial contiguity of the West Bank and therefore the viability of a future Palestinian state. The eight Arab-Islamic states themselves issued a joint statement rejecting the E1 plan and related settlement activities.

**UN: The issue is larger than a humanitarian crisis**

The second dimension comes from the United Nations. Gaza remains a profound humanitarian crisis. But reducing Palestine exclusively to humanitarian assistance risks obscuring the larger political and legal reality.

In the West Bank, settlement expansion, settler violence, demolitions, displacement and restrictions are progressively affecting the environment in which a future Palestinian state would have to exist. UN documentation has continued to record serious concerns regarding settler violence and operations by Israeli forces.

Meanwhile, UN Special Rapporteur Francesca Albanese has continued to press for a much broader international response. In reaction to Britain's settlement-trade measure, she welcomed the move but argued that it should become part of a genuine "paradigm shift", including consideration of wider measures rather than limiting action to settlement goods.

Her latest warnings also extend to Gaza. She has raised concerns that the large-scale removal and relocation of rubble could destroy evidence relevant to alleged international crimes and interfere with the recovery and identification of human remains.

This takes us beyond the language of humanitarian relief towards the language of accountability, international law and evidence preservation.

And therefore an uncomfortable question emerges: If international law has repeatedly been invoked to describe the situation, why has enforcement remained so limited?

**Eight Arab-Muslim countries: A regional diplomatic red line**

The third dimension is the recent joint statement by Pakistan, Egypt, Türkiye, Indonesia, Jordan, Qatar, Saudi Arabia and the United Arab Emirates.The eight foreign ministers strongly condemned statements by Israeli National Security Minister Itamar Ben-Gvir and Defence Minister Israel Katz concerning the displacement of Palestinians from Gaza.

They rejected attempts to forcibly remove Palestinians from their land, whether within or outside the Occupied Palestinian Territory, and described such proposals as violations of international law, including international humanitarian law. They warned that transforming calls for forced displacement into



declared policy or concrete measures would have grave consequences for regional peace and stability.

The significance goes beyond the number eight. The statement reaffirmed that Gaza is an integral part of the Occupied Palestinian Territory, stressed the territorial unity of Gaza, the West Bank and East Jerusalem, and reaffirmed support for a Palestinian state based on the 4 June 1967 borders with East Jerusalem as its capital.

For Pakistan, this is also significant. Islamabad is not making an isolated declaration. It is participating in a collective diplomatic position with seven Arab and Muslim states. The message is therefore not merely: "We condemn displacement."

It is increasingly: "Any attempt to create a new demographic or geographic reality through displacement will encounter regional diplomatic resistance."

That distinction matters. Xi Jinping and Egypt: Palestine cannot be marginalised And then comes a fourth dimension which significantly broadens the geopolitical picture: Chinese President Xi Jinping's visit to Egypt.

During his September visit, Xi and Egyptian President Abdel Fattah el-Sisi jointly reaffirmed that the Palestinian question remains at the core of the Middle East issue and that a just and lasting settlement must be based on the Two-State Solution.

They reaffirmed support for an independent Palestinian state with full sovereignty based on the 1967 borders and East Jerusalem as its capital.

But Xi's message went beyond Palestine itself. He argued that the Palestinian issue "should never be overlooked or marginalized" and linked its resolution to a broader Middle Eastern security architecture. He called for comprehensive approaches to regional security, greater international coordination, respect for the UN Charter and international law, rejection of double standards, and a stronger UN role.

This is strategically important. China is not simply saying that Palestinians require humanitarian assistance. The broader argument is that regional security cannot be sustainably constructed while the Palestinian question remains unresolved.

And Egypt's participation makes this particularly significant because Cairo remains a central Arab actor in Gaza diplomacy and regional security.

The message emerging from Cairo is therefore clear: Middle Eastern states may pursue economic development, connectivity, trade corridors, investment and new security arrangements— but Palestine cannot simply be pushed to the margins of the regional order.

**A convergence- but not yet a solution**

We therefore see four different but increasingly convergent dimensions.

Britain— emerging economic and political consequences.

UN and ICJ— international law and accountability.

Eight Arab-Muslim countries including Pakistan— a collective diplomatic red line against forced displacement.

China and Egypt— Palestine remains central to Middle Eastern peace and any future regional security architecture.

But there is an important caveat.

Statements are not sanctions.

Condemnations are not enforcement.

And diplomatic declarations do not by themselves stop settlement construction, displacement or humanitarian restrictions.

The real test therefore lies ahead.

Will Britain and other Western countries go beyond limited settlement-related trade measures?

Will states translate the obligations arising from international law into concrete policy?

Will Arab and Muslim countries transform collective statements into sustained diplomatic pressure?

And will China use its growing economic and diplomatic influence in the Middle East to help move the Palestinian question from international rhetoric towards an enforceable political process?

**The larger question**

Perhaps the most important point is that the Palestinian issue cannot be compartmentalised.

Gaza cannot be separated from the West Bank.

Humanitarian assistance cannot substitute for political rights.

A ceasefire cannot substitute for a political settlement.

And the Two-State Solution cannot remain credible if the territorial basis for such a state continues to disappear.

The emerging international response is therefore worth watching— not because the problem has been solved, but because the language may finally be shifting from: "We condemn" towards: "There must be consequences."

That distinction could determine whether the next chapter of the Palestinian question becomes merely another cycle of diplomatic statements— or the beginning of a genuine international effort to change realities on the ground.

Ultimately, the credibility of the international system may be measured by one simple question:

Is international law merely something the world invokes when condemning violations— or something the world is actually prepared to enforce?

# बाढी प्रभावित क्षेत्रबाट हेलिकोप्टरमा ८३३ को उद्धार

१० भदौमा रसुवामा गएको भीषण बाढी प्रभावित क्षेत्रमा काठमाडौंबाट सञ्चालित उद्धार उडानमार्फत आठ सय ३३ जना नागरिकको उद्धार गरिएको छ । उद्धार कार्यका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कुल तीन सय ६३ वटा हेलिकोप्टर उडान गरिएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जानकारी दिएको छ ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले रसुवामा भएको विपत्पछि उद्धार तथा राहतका लागि हेलिकोप्टर उडानलाई सहज बनाउन क्यानले नियामकीय प्रावधानमा लचकता अपनाएको बताए । प्राधिकरणले हेलिकोप्टरको अनुमति प्रक्रिया त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए)बाटै छिटोछरितो बनाउनुका साथै उद्धारबाहेकका चार्टर उडानमा समेत रोक लगाएको छ ।

१० भदौमा रसुवामा ठुलो विपत् भएपछि लाङटाङ, रसुवा, नुवाकोट र त्रिशूली क्षेत्रमा उद्धारका लागि हेलिकोप्टर नै मुख्य हवाईसाधन बनेको छ । उनले भने, 'लाङटाङमा विगतमा विमानस्थल भए पनि अहिले सञ्चालनमा छैन । उक्त क्षेत्रमा ठुलो विमानस्थल नभएकाले घाइते, यात्रु तथा विपत्मा परेका व्यक्तिको उद्धारमा हेलिकोप्टरको प्रयोग गर्नुपरेको थियो ।'

भुलका अनुसार यसअघि हेलिकोप्टर उडानको अनुमति प्रधान कार्यालयबाट दिने व्यवस्था रहेकामा अहिले त्यसलाई टिआइएमा केन्द्रित गरिएको छ । यसबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै छिटोछरितो उडान अनुमति दिने व्यवस्था गरिएको उनले बताए । उद्धार क्षेत्रमा पुगेपछि हेलिकोप्टरका पाइलटलाई काठमाडौँसँग निरन्तर सम्पर्क गर्न कठिन हुने भएकाले हेलिकोप्टर-हेलिकोप्टरबिचको सञ्चार र ट्राफिक व्यवस्थापनका लागि छुट्टै 'इन्टर पाइलट फ्रिक्वेन्सी'समेत तयार गरिएको उनले जानकारी दिए । यसबाट एउटा हेलिकोप्टरले अर्को हेलिकोप्टरको अवस्थाबारे जानकारी लिन सक्ने र आर्मी तथा सिभिलियन हेलिकोप्टरबिच उडानलाई सहज रूपमा सञ्चालन गर्न सकिएको भुलले बताए ।

उद्धारमा सबै हेलिकोप्टर केन्द्रित विपत्को समयमा उद्धार कार्यलाई प्राथमिकतामा राख्दै सम्बन्धित कम्पनीसँग रहेका सबै हेलिकोप्टरलाई उद्धारमा केन्द्रित गरिएको छ । त्यस अवधिमा सामान्य चार्टर उडानका लागि हेलिकोप्टर प्रयोग गर्न नदिइएको र विशेष प्रकृतिको चार्टर उडान आवश्यक भए गृह मन्त्रालयको विशेष अनुमतिमा मात्र सञ्चालन गर्न सकिने व्यवस्था गरिएको भुलले बताए ।

मनसुनको समय भएकाले सामान्य अवस्थामा लागू हुने उडानसम्बन्धी विभिन्न सर्कुलर पनि विपत्को अवस्थामा लचिलो बनाइएको छ । उनले भने, 'विशेषगरी दुईजना पाइलट आवश्यक पर्नेलगायतका प्रावधानमा मानवीय आवश्यकतालाई ध्यान दिँदै केही रिल्याक्सेसन गरिएको छ । तर, यस क्रममा उडान सुरक्षामा भने सम्झौता गरिएको छैन ।'

विपत् प्रभावित क्षेत्रमा सर्वेक्षण तथा उद्धारका लागि ड्रोन उडानलाई समेत एकीकृत रूपमा व्यवस्थापन गरिएको प्राधिकरणले जनाएको छ । नेपालमा दर्ता भएका ड्रोनलाई गृह मन्त्रालय, विपत् व्यवस्थापन प्राधिकरण वा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कार्यालयको अनुमतिमा सञ्चालन गर्न दिइएको थियो ।

यसबाट काठमाडौंको हवाई ट्राफिकमा समेत असर नपर्ने गरी प्रभावित क्षेत्रमा ड्रोन सञ्चालन गर्न सकिएको भुलको भनाइ छ । उद्धारमा प्रयोग हुने हेलिकोप्टरमार्फत प्रभावित व्यक्तिलाई विभिन्न स्थानमा 'सटल' गरेर सुरक्षित स्थानमा लैजाने व्यवस्था पनि गरिएको थियो ।

उद्धारका लागि आवश्यक हवाई इन्धनको व्यवस्थासमेत सम्बन्धित क्षेत्रमा नै गरिएको थियो । नेपाल आयल निगममार्फत आवश्यक स्थानमा इन्धनका ट्यांकर राखेर हेलिकोप्टरलाई तत्काल इन्धन उपलब्ध हुने व्यवस्था मिलाइएको भुलले बताए ।विपत्को पहिलो र दोस्रो दिन सरकारी रेस्क्यु उडानमा हेलिकोप्टर मुख्य रूपमा उद्धार र अनुगमनमा सक्रिय देखिएका छन् । पहिलो दिन ४१ र दोस्रो दिन ३८ गरी दुई दिनमै ७९ वटा सरकारी उडान भएका थिए । कुल १४ दिनमा भएका तीन सय ७८ उडानमध्ये ५२.३ प्रतिशत अर्थात् एक सय ९८ उडान सरकारी उडान भएका छन् ।

भदौ १२ गतेदेखि निजी हेलिकोप्टर पनि व्यापक रूपमा सञ्चालनमा आए । १४ दिनको अवधिमा निजी क्षेत्रले कुल १०० उडान (२६.५ प्रतिशत) गर्दै नागरिक उद्धारमा ठुलो योगदान पुर्‍याएको छ । त्यसैगरी, सेनाले १४ दिनमा कुल ८० उडान (२१.२ प्रतिशत) सम्पन्न गरेको छ ।

उद्धारकार्यको विश्लेषण गर्दा भदौ १५ गते सोमबार एकै दिन सबैभन्दा धेरै एक सय २६ जनाको सफल उद्धार गरिएको थियो । त्यस दिन सरकारी २४, निजी नौ र सेनाका पाँच गरी कुल ३८ वटा उडान भएका थिए । सम्पूर्ण १४ दिनको तथ्यांक हेर्दा कुल तीन सय ७८ उडानमार्फत आठ सय ३३ जना नागरिकको उद्धार भएको छ, जसअनुसार प्रतिउडान औसत २.२ जनाको उद्धार भएको देखिन्छ ।

अन्तर्राष्ट्रिय उडानतर्फ विभिन्न मुलुकबाट यसबिच ३२ वटा चार्टर उडान भएको प्राधिकरणको तथ्यांक छ । चीन, भारत, अमेरिका, ओमन, कोरिया, माल्टा र कतारबाट उडान भएको उल्लेख छ ।

पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।

**- अभियानवाणी**

अभियान
साप्ताहिक

## सम्पादकीय

## सरकार आफ्नो पोल खुल्न सक्ने डरले विपक्षीहरूसँग डराउँछ ?

भाद्र १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले गर्दा नेपालको अर्थतन्त्रमा व्यापक असर परेको छ भने ठुलो संख्यामा नेपाली जनताले ज्यान गुमाएका छन्। अहिलेसम्ममा पनि हजारौँ नेपाली दाजुभाई, दिदीबहिनीहरू बेपत्ता रहेका छन्। उद्दार कार्यमा केही कमी कमजोरी देखिएको भएपनि सुरक्षाकर्मी र बाहिरी देशबाट आएका उद्दारकर्मीहरूले पुऱ्याएको सहयोग नेपाली जनताले कहिल्यै विर्सन सक्दैनन्। सरकारले भने केही कमी कमजोरी गरेको प्रष्ट रुपमै देखिएको छ। भाद्र १० गतेदेखि नै उद्दारमा सुरक्षाकर्मी लगेका भएपनि बाढी पहिरोको अप्ठ्यारो अवस्था र उद्दारका लागि आवश्यक समाग्री नभएका कारण उद्दारमा केही कठिनाई भएको थियो भने संकटमा परेका मानिसलाई राहत सहयोग गर्न समेत सरकारले सुरक्षाकर्मीलाई जिम्मेवारी दिएको कारण समस्या उत्पन्न भएको थियो। सरकारले स्थानीय जनप्रतिनिधि र प्रदेश सरकारलाई बाढी पहिरो गएकै दिनदेखि परिचालन गर्नुपर्नेमा झण्डै ४/५ दिनपछि मात्र उनीहरूलाई परिचालन गरेको हुनाले बालेन नेतृत्वको सरकारको व्यापक आलोचना भएको थियो। सम्पूर्ण विपक्षी दलहरूको सहयोग र समर्थन सरकारले पाएको भएपनि राजनीतिक पूर्वाग्रहका कारण स्थानीय तह र प्रदेश सरकारलाई बालेन सरकारले वेवास्ता गर्नु सरकारको ठुलो कमजारी भएको थियो।

सुरक्षाकर्मी र बाहिरी देशबाट उद्दारका लागि आएका व्यक्तिहरूले उद्दार र खोज कार्य जारी राखेकै बेला प्रधानमन्त्री बालनेले सुरुङ मार्गमा फसेकाहरूलाई उद्दार गर्ने सामाग्री विश्वमै नभएको उद्घोष संसदको रोष्ट्रमबाट गरेपछि उनी आलोचनमा पात्र भएका थिए। प्रधानमन्त्री जस्ता व्यक्तिले सोँच विचार र अरुको सल्लाह समेत लिएर बोल्नुपर्नेमा प्रधानमन्त्रीले त्यस्तो गरेको देखिएन। आफ्ना नागरिकले उद्दारका लागि सहयोगको याचना गरिरहँदा सुरुङमा फसेका व्यक्तिलाई उद्दार गर्ने समाग्री विश्वमै नरहेको उद्घोष गर्नुले त्यसको व्यापक विरोध र आलोचना भएपनि प्रधानमन्त्रीले जनतासामू माफी नमाग्नु भनेको घमण्डको पराकाष्टा बाहेक अन्य केही हुन सक्दैन।

जुनसुकै समस्या पर्दापनि प्रदेश सरकार र स्थानीय सरकार नै पहिला सक्रिय हुने विश्वव्यापी सिद्धान्त रहेको छ। स्थानीय तहका जनप्रतिनिधिहरू जनतासँग प्रत्यक्ष सम्बन्ध हुने भएकाले उनीहरूले जनताको आवश्यकता र समस्याहरूका बारेमा जानकार रहेको हुन्छन् तर बालेन सरकारले स्थानीय तह र प्रदेश सरकारलाई केही दिन वेवास्ता गरेको कारणले गर्दा पनि उद्दारमा समस्या देखिएको थियो। बालेन सरकारले स्थानीय तह र प्रदेश सरकार विपक्षी दलहरूमा रहेका र रास्वपाको ती दुवै तहमा उपस्थिति नरहेकाले गर्दा उनीहरूलाई वेवास्ता गर्दै राहत समाग्री समेत वितरण गर्न सुरक्षा निकायलाई जिम्मेवारी दिंदा पिडित जनताले अनाहकमा दुख कष्ट सहनु परेको थियो।

मुलुकमा विपद् आइलाग्दा पहिला पनि सबै राजनीतिक दलहरू एकजुट हुने गरेको इतिहास साँक्षी रहेको छ। २०७२ सालको विनाशकारी भूकम्पका बेला सबै राजनीतिक दलहरू एकै ठाउँमा उभिएर उद्दार सहयोग तत्काल गरेका थिए। तर यस पटक ५/६ दिनसम्म त्यस्तो हुन सकेन। त्यसको एउटै कारण थियो विपक्षी दलहरूलाई जनतासामू जान दिएको खण्डमा रास्वपा र बालेन सरकारको विरोध हुने डर त्यही कारणले गर्दा स्थानीय तहलाई पन्छाएर राहत समाग्री वितरण गर्न सुरक्षाकर्मीलाई जिम्मेवारी दिइयो। स्थानीय तहका जनप्रतिनिधिहरूले जनताका समस्याहरू बुझेका र उनीहरूसँग प्रत्यक्ष सम्पर्कमा रहेका हुनाले उनीहरूलाई राजनीतिक आस्थाका आधारमा संकटको बेला उपेक्षा गर्नु बालेन सकरारको भूल र गल्ती मात्र नभएर महाभूल र गल्ती हो।

बाढी पिडितहरूको अब आवश्यकता भनेको उचित स्थानमा बसोबास र उनीहरूलाई बसोबास गर्न निवासको आवश्यकता हो। अब सरकारले त्यस विषयमा ध्यान दिएर सरकारको हैसियत हेरेर आर्थिक सहयोग र लामो समयसम्म ऋणको व्यवस्था गर्नु आवश्यक छ। हुनत बालेन सरकारलाई जतिसुकै सुझाव दिएपनि त्यसको कुनै अर्थ रहँदैन। सविधानले ऐन कानुनले नचिनेका र कुनै जिम्मेवारी लिनु नपर्ने प्रधानमन्त्री बालेनका सल्लाहकारहरूबाट हामी शासित हुनुपरेको बेला सरकारलाई सल्लाह दिनु आफैँलाई माहुरीको जालोमा पार्नु हो। विगतमा भएका यस्ता कार्यहरूले दैनिक जानकारी गराइने गरिएको भएपनि अहिलेसम्म बालेन सरकारले यस विषयमा प्रत्यक्ष रुपमा जानकारी गराइएको छैन, भने गराउने अवस्था समेत देखिएको छैन। त्यसको एउटै कारण हो आफ्ना कमी कमजोरीको भेद खुल्ने डर। यी सबै कारणहरूले गर्दा प्रधानमन्त्री बालेनको कालो चस्माले सबैतिर सेतोमात्र देख्ने भएकाले गर्दा उनी प्रत्यक्ष रुपमा कोहीसँग पनि सम्पर्कमा आउन चहाँदैनन्। त्यही कारणले गर्दा उनी संकटको भूमरीमा पर्दै गएको हामीले ठानेका छौँ।

# भदौका दुई बाढी : एउटा सडकमा उर्लियो, अर्को नदीमा

**केदार खड्का**

नेपालको पछिल्लो एक वर्षलाई केवल सरकार परिवर्तन, निर्वाचन र एउटा विनाशकारी बाढीका अलग-अलग घटनाका रूपमा बुझ्ने हो भने हामीले यसको गहिरो राष्ट्रिय सन्दर्भ छुटाउन सक्छौँ । ०८२ भदौ २३ देखि ०८३ भदौ १० सम्मको समयलाई एउटै ऐतिहासिक 'फ्रेम'मा राखेर हेर्दा नेपालले एक असाधारण राजनीतिक रूपान्तरण र त्यसलगत्तै राज्यको क्षमता परीक्षण गर्ने प्राकृतिक विपत् भोगेको देखिन्छ । प्रतीकात्मक रूपमा भन्ने हो भने नेपालले एक वर्षभित्र दुईवटा बाढी देख्यो । पहिलो- जनताको बाढी, दोस्रो- प्रकृतिको बाढी । पहिलो सडकमा उर्लियो, दोस्रो नदीमा । पहिलोले राजनीतिक सत्ता र पुरानो राजनीतिक संस्कारलाई हल्लायो, दोस्रोले सडक, पुल, बस्ती, जलविद्युत् र हाम्रो विकास तथा विपत् व्यवस्थापनको सोचमाथि कठोर प्रश्न गऱ्यो ।

जेन-जी आन्दोलन अचानक जन्मिएको असन्तुष्टि थिएन । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्कालीन आक्रोशको कारण बने पनि त्यसको पछाडि भ्रष्टाचार, राजनीतिक बेथिति, अवसरको अभाव, बेरोजगारी र राज्यप्रतिको बढ्दो असन्तुष्टिजस्ता प्रश्न लामो समयदेखि थिग्रिरहेका थिए । आन्दोलनले पुरानो राजनीतिक नेतृत्वप्रति गहिरिँदै गएको पुस्तागत असन्तुष्टिलाई सडकमा अभिव्यक्त गऱ्यो र अन्ततः तत्कालीन सरकारलाई संकटमा पुऱ्याउँदै सत्ता परिवर्तनको बाटो खोल्यो । यसले नेपालको राजनीतिमा एउटा निर्णायक प्रश्न स्थापित गऱ्यो- जनताको बदलिँदो अपेक्षालाई पुरानै राजनीतिक शैलीले कति समयसम्म धान्न सक्छ ?

त्यसपछि आन्दोलनको असन्तुष्टि मतपत्रमा कसरी रूपान्तरण हुन्छ भन्ने प्रश्न उठ्यो । आयोजक नखुलेको २३ भदौको जेन-जी आन्दोलन र प्रायोजक नखुलेको २४ भदौको विध्वंस आफैँमा कुनै दलको चुनावी अभियान थिएन । तर, त्यसले जन्माएको राजनीतिक मनोविज्ञानले निर्वाचनलाई गहिरो रूपमा प्रभावित गऱ्यो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अभूतपूर्व जनादेश प्राप्त गऱ्यो र बालेन्द्र शाह नयाँ राजनीतिक शक्तिको केन्द्रमा उदाए । काठमाडौं महानगरका पूर्वप्रमुख शाहको नेतृत्वमा रास्वपाले प्राप्त गरेको ठुलो विजयलाई केवल एउटा नयाँ दलको चुनावी सफलता मात्र मान्न सकिँदैन । यसलाई स्थापित राजनीतिक शक्तिप्रतिको असन्तुष्टि र नयाँ राजनीतिक पुस्ताप्रतिको अपेक्षाको अभिव्यक्तिका रूपमा पनि हेर्न सकिन्छ ।

बालेन प्रधानमन्त्री बनेसँगै सडकमा उठेको राजनीतिक प्रश्न मतपत्र हुँदै सिंहदरबारसम्म पुग्यो । यसले नेपालको लोकतान्त्रिक राजनीतिमा पुस्तान्तरण र राजनीतिक संस्कार परिवर्तनको सम्भावनालाई नयाँ बहसको केन्द्रमा ल्यायो । तर, सत्ता परिवर्तन र राज्य परिवर्तन एउटै कुरा होइन । आन्दोलनले सरकार परिवर्तन गर्न सक्छ, निर्वाचनले नेतृत्व परिवर्तन गर्न सक्छ, तर राज्यको प्रशासनिक संस्कृति, निर्णय प्रक्रिया, संस्थागत क्षमता र संकट व्यवस्थापनको शैली बदल्न अझ कठिन हुन्छ । त्यसैले, नयाँ सरकारसँग जनताको अपेक्षा केवल नयाँ अनुहार हेर्ने होइन, नयाँ परिणाम अनुभव गर्ने हो ।

यही पृष्ठभूमिमा भोटेकोशीको विनाशकारी बाढी आयो । रसुवा, नुवाकोटलगायत क्षेत्रमा आएको बाढीले बस्ती, सडक, पुल, विद्युत् आयोजना र अन्य महत्वपूर्ण पूर्वाधारमा ठुलो क्षति पुऱ्यायो । मानवीय क्षतिको आकार भयावह छ र हजारौँ मानिस अझै सम्पर्कविहीन रहेका 'रिपोर्ट' आएका छन् । जलविद्युत् आयोजनाका सुरूङ तथा अन्य संरचनामा फसेका वा सम्पर्कविहीन भएका कामदारको उद्धार अझै चुनौतीपूर्ण छ । पछिल्ला रिपोर्टअनुसार ठुलो संख्यामा जलविद्युत् कामदार प्रभावित वा सम्पर्कविहीन हुन सक्ने देखिएको छ र उद्धारका लागि नेपाली सुरक्षा निकायसँगै विदेशी प्राविधिक टोली पनि परिचालित छन् ।

तर, विपत्को वास्तविक कथा केवल क्षतिको अंकमा छैन । त्यहाँ बाँचेकाहरूको पीडा, आफन्त खोजिरहेका परिवारको बेचैनी र उद्धारको प्रतीक्षामा बसेका नागरिकको प्रश्नमा छ । क्षतिग्रस्त सडक र पुल, अवरूद्ध सञ्चार, कठिन भूगोल र जोखिमपूर्ण नदीका कारण उद्धार तथा राहत कार्य जटिल बनेको छ । यस्तो अवस्थामा स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवक, समुदाय र केन्द्र सरकारबिचको समन्वय नै राज्यको वास्तविक क्षमता मापन गर्ने आधार बन्छ ।

यही ठाउँमा सरकारको संकट व्यवस्थापन क्षमतामाथि प्रश्न उठ्छ । विपत्को पहिलो घडीमा राज्यको प्राथमिकता स्पष्ट हुनुपर्छ-मानिसको जीवन बचाउने, सबै उपलब्ध राष्ट्रिय स्रोत परिचालन गर्ने, स्थानीय संयन्त्रलाई तत्काल साधन र अधिकार दिने तथा आवश्यक परे बाह्य प्राविधिक क्षमता पनि शीघ्र परिचालन गर्ने । अन्तर्राष्ट्रिय सहयोग स्वीकार गर्नु राष्ट्रिय कमजोरी होइन, असाधारण विपत्मा उपलब्ध सबै क्षमतालाई राष्ट्रिय नेतृत्वमा परिचालन गर्नु राज्यको जिम्मेवारी हो ।

यस विपत्मा विदेशी विशेषज्ञताको प्रश्न पनि महत्वपूर्ण बनेको छ । खोज तथा उद्धारका लागि प्रारम्भिक चरणमा बाह्य सहयोग परिचालन गर्ने विषयमा सावधानी देखिए पनि पछि भारत, चीन र अन्य देशका विशेषज्ञ तथा प्राविधिक सहयोग परिचालन गरिएको छ । सुरूङ उद्धारका लागि भारत र चीनका विशेष टोली नेपाली संयन्त्रसँग सहकार्यमा परिचालित भएका छन् । यसले एउटा महत्वपूर्ण नीतिगत प्रश्न उठाएको छ- संकटको आकारअनुसार अन्तर्राष्ट्रिय सहयोगको ढोका कति छिटो खोल्ने ?

राष्ट्रिय स्वाभिमानको अर्थ बाह्य सहयोग अस्वीकार गर्नु मात्र होइन । स्वाभिमान भनेको संकटको नेतृत्व आफैँ गर्ने र आवश्यक विशेषज्ञता, प्रविधि, उपकरण तथा अनुभव जहाँबाट उपलब्ध हुन्छ, त्यसलाई राष्ट्रिय हितमा शीघ्र उपयोग गर्ने क्षमता पनि हो । नेपालले भविष्यका विपत्का लागि यही व्यावहारिक दृष्टिकोण विकास गर्नुपर्छ ।

सञ्चारमाध्यमको भूमिका पनि यस विपत्मा उत्तिकै महत्वपूर्ण रह्यो । नेपाली तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले क्षतिको भयावह तस्बिर, बेपत्ता मानिसका परिवारको पीडा, जलविद्युत् आयोजनाका सुरूङमा फसेका कामदार र उद्धारको कठिनाइलाई सार्वजनिक गरेका छन् । तर, राष्ट्रिय विपत्मा सञ्चारमाध्यमको भूमिका केवल 'कति मानिसको ज्यान गयो ?' भनेर संख्या गन्ने वा सनसनी फैलाउने हुनुहुँदैन । पत्रकारिताले हराइरहेका मानिसको पहिचान, परिवारको पीडा, उद्धारको वास्तविक अवस्था, राहत कहाँ पुग्यो वा पुगेन, सरकारी निर्णय किन ढिलो भयो र जिम्मेवारी कसको हो भन्ने प्रश्न पनि सोध्नुपर्छ । विपत्मा सही सूचना स्वयं राहतको एउटा रूप हो भन्ने हेक्का राख्नुपर्छ ।

यस विपत्ले अर्को गम्भीर प्रश्न पनि उठाएको छ- हामीले विकासलाई कसरी बुझिरहेका छौँ ? जलविद्युत्, सडक, पुल र व्यापारिक पूर्वाधार नेपालका लागि अपरिहार्य छन् । तर, जोखिमको वैज्ञानिक मूल्यांकन, नदीको व्यवहार, हिमाली भूगोल, पूर्वसूचना प्रणाली, आपत्कालीन पहुँच र संरचनाको संकट सामना गर्न सक्ने क्षमतालाई विकासको लागतमा समावेश नगर्ने हो भने आजको विकास भोलिको जोखिम बन्न सक्छ । हालैको बाढीले नेपालका जलविद्युत् संरचनाको जोखिमलाई विशेष रूपमा उजागर गरेको छ । हामीले अब विकासको परिभाषामै एउटा कुरा थप्नुपर्छ- मेगावाट थप्नु विकास हो । तर, त्यसलाई सुरक्षित बनाउनु पनि विकास नै हो । सडक बनाउनु विकास हो । तर, विपत्मा पनि सञ्चालन गर्न सकिने सडक बनाउनु अझ ठुलो विकास हो । पुल निर्माण गर्नु विकास हो । तर, चरम प्राकृतिक जोखिम सहन सक्ने पुल निर्माण गर्नु जिम्मेवार विकास हो ।

यी दुई घटनाबिच कुनै वैज्ञानिक वा दैवी कारण-सम्बन्ध खोज्नु आवश्यक छैन । तर, इतिहासको प्रतीकात्मक भाषामा हेर्दा तिनले असाधारण समानता देखाउँछन् । करिब एक वर्षको अन्तरमा दुवै घटना भदौमै भए । एउटा मानिसको भिड बाढीजस्तै सडकमा उर्लियो, अर्को नदीको पानी बाढीजस्तै बस्ती र संरचनातर्फ उर्लियो । एउटा पुरानो राजनीतिक संरचनामाथि प्रहार थियो, अर्को कमजोर पूर्वाधार, जोखिम व्यवस्थापन र राज्यको संकट-तयारीमाथि प्रश्न । एउटा सडकको आक्रोशबाट मतपत्रको जनादेशमा बदलियो, अर्को विपत्बाट नयाँ विकास र सुरक्षा नीतिको मागमा बदलिनुपर्ने अवस्था आयो ।

त्यसैले, आजको नेपाललाई केवल 'बालेनको सरकार' वा 'रसुवाको बाढी' भनेर अलग-अलग बुझ्नु पर्याप्त हुँदैन । यी एउटै संक्रमणकालका दुई अध्याय हुन् । जेन-जी आन्दोलनले राज्यलाई जनताको आवाज सुन्न बाध्य बनायो । रास्वपाको ठुलो जनादेशले त्यो असन्तुष्टिलाई राजनीतिक वैधतामा रूपान्तरण गऱ्यो । बालेन शाहको नेतृत्वमा बनेको सरकारले नयाँ राजनीतिक प्रयोगको जिम्मेवारी पाएको छ । अनि, बाढीले त्यही नयाँ राजनीतिक जनादेशलाई अर्को कठोर प्रश्न सोध्यो- अब संकटमा कस्तो राज्य देखिन्छ ?

यहीँबाट सरकारको वास्तविक परीक्षा सुरू हुन्छ । पीडितले राहत कति छिटो पाउँछन् ? बेपत्ताको खोजी कति वैज्ञानिक र व्यवस्थित हुन्छ ? शवको पहिचान र परिवारलाई सम्मानजनक जानकारी कसरी दिइन्छ ? विदेशी उद्धार विशेषज्ञ वा प्राविधिक सहयोग आवश्यक पर्दा कति छिटो बोलाइन्छ ? स्थानीय सरकारलाई कति अधिकार, स्रोत र उपकरण दिइन्छ ? जलविद्युत् र अन्य पूर्वाधारको जोखिम पुनर्मूल्यांकन हुन्छ कि हुँदैन ? र, सबैभन्दा महत्वपूर्ण, विपत्पछि फेरि उही ठाउँमा उही जोखिम दोहोरिने गरी पुनर्निर्माण हुन्छ त ?

नयाँ सरकारका लागि यो केवल राहत र उद्धारको प्रश्न होइन, शासनको विश्वसनीयताको प्रश्न हो । जनताले नयाँ राजनीतिक शक्ति रोज्दा उनीहरूले भ्रष्टाचारविरूद्धको नारा मात्र रोजेका होइनन्, उनीहरूले सक्षम राज्य, छिटो निर्णय, जवाफदेही प्रशासन र परिणाममुखी शासनको अपेक्षा गरेका हुन् । विपत् त्यही अपेक्षाको सबैभन्दा कठोर परीक्षा हो ।

पहिलो, जेन-जी आन्दोलनले एउटा कुरा प्रमाणित गऱ्यो, जनताको असन्तुष्टिलाई लामो समयसम्म बेवास्ता गर्न सकिँदैन । दोस्रो, बाढीले अर्को कुरा देखायो- प्रकृतिको जोखिमलाई विकासको उत्साहले बेवास्ता गर्न सकिँदैन । पहिलोमा जनता बोले । दोस्रोमा प्रकृति बोल्यो । अब राज्यले जवाफ दिनुपर्ने वेला आएको छ ।

नेपालको वास्तविक परिवर्तन अब सत्ता कसले पायो भन्नेबाट मात्र मापन हुनेछैन, सत्ता पाएपछि नागरिकको जीवन कति सुरक्षित, सम्मानित र सहज भयो भन्नेबाट मापन हुनेछ । पहिले जनता उर्लिए । त्यसपछि मत उर्लियो । बालेन सिंहदरबार पुगे । अनि नदी उर्लियो । अब इतिहासको प्रश्न सरल छ- के नयाँ राजनीतिक जनादेशले पुरानो राज्य संस्कार बदल्न सक्छ ? किनकि, जनताको आवाज नसुन्दा आन्दोलन बन्छ, प्रकृतिको चेतावनी नसुन्दा विपत् बन्छ । तर, दुवैबाट सिक्न सकियो भने संकट नै राष्ट्र रूपान्तरणको पानीढलो बन्न सक्छ । *-नयाँ पत्रिका*

# जलवायु न्यायतर्फको यात्रा कसरी ?

काशीराज दाहाल

जलवायु परिवर्तनका कारण उत्पन्न विपत्ति (बाढीपहिरो, हिमालमा तीव्र गति हिउँ पग्लिर हिमताल निर्माण र विस्फोट, हिमचट्टानको पहिरो, समुद्री सतहको उचाइ बढ्दा बस्ती डुबान आदि) हरूले मानव जीवन, सम्पदा र सम्पत्तिमा ठूलो नोक्सान हुँदै आएको छ । पछिल्लो समय १० भदौमा हिमचट्टानसहित रसुवाको भोटेकोशीमा आएको बाढीले अकल्पनीय जनधनको क्षति भएको छ ।

जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई न्यूनीकरण र जलवायु प्रणाली अनुकूलनका निम्ति अन्तर्राष्ट्रिय समुदायले सन् १९७० को दशकदेखि विभिन्न प्रयास गर्दै आएका छन् । तर जलवायु परिवर्तनको मुख्य कारण धेरै कार्बन उत्सर्जन गर्ने राष्ट्रहरु गम्भीर बन्न नसक्दा समस्या र चुनौतीहरु विकासशील देशहरूले भोगिरहनुपरेको छ । बाँच्न पाउने अधिकारसँग जोडिएको पर्यावरणीय अधिकारका सम्बन्धमा सन् १९७२ को स्टकहोम सम्मेलन, १९८७ को दिगो विकासको अवधारणासम्बन्धी विस्तृत प्रतिवेदन, सन् १९९२ को पृथ्वी सम्मेलनले जलवायु परिवर्तनले पारेको असर रोकथामका निम्ति अन्तर्राष्ट्रिय वातावरणीय कानुन निर्माणका सम्बन्धमा केही व्यवस्था गरेको थियो । तर हरितगृह ग्यास उत्सर्जनको न्यूनीकरण र जलवायु प्रणाली अनुकूलन गर्ने विषयमा भने खासै उपलब्धि हासिल गर्न सकेको देखिन्न ।


जलवायु न्याय अवधारणाको विकास

'जलवायु न्याय' भनेको हरितगृह ग्यास उत्सर्जन बढी गर्ने राष्ट्रहरूले कम हरितगृह उत्पादन गर्ने र जलवायु परिवर्तनबाट बढी प्रभावित राष्ट्रहरूलाई वित्तीय, प्राविधिक र क्षमता विकाससम्बन्धी आवश्यक सहयोग, क्षतिपूर्ति उपलब्ध गराउनु हो । जलवायु न्यायको सिद्धान्तले जसका कारण क्षति र नोक्सानी वहन गर्नुपरेको छ, त्यस्तो क्षति पुऱ्याउनेले नोक्सानी बेहोर्नुपर्ने, जसको कार्बन उत्सर्जन उत्पादनमा जति योगदान छ, त्यही अनुपातमा दायित्व बेहोर्नुपर्ने भन्नेमा जोड दिन्छ । वितरणमुखी न्याय, उजुर तथा दाबी गर्ने अधिकारमा उदार प्रक्रियागत न्याय, समपुस्ता र अन्तरपुस्ता समन्याय तथा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण र अनुकूलनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताका सिद्धान्त कार्यान्वयन गरी प्रभावित राज्यलाई उचित न्याय दिनुपर्ने मान्यता जलवायु न्यायका स्थापित सिद्धान्त हुन् । परम्परागत अन्तर्राष्ट्रिय कानुनमा स्वीकार गरेका राज्यको दायित्वसम्बन्धी सिद्धान्तहरु जलवायु परिवर्तनबाट प्रभावित राज्यहरूलाई न्याय प्रदान गर्ने सम्बन्धमा समेत आकर्षित हुने गरी जलवायु न्यायको अवधारणा विकास हुँदै गएको छ ।

अन्तर्राष्ट्रिय वातावरणसम्बन्धी कानुनको व्याख्या गर्दै राज्यका अदालतहरूले यी सिद्धान्तहरु जलवायु परिवर्तनबाट प्रभावित मुलुकहरूलाई न्याय प्रदान गर्न अनुसरण गर्नुपर्ने गरी विभिन्न मुद्दामा व्याख्या गरेका छन् । यस्तै अन्तर्राष्ट्रिय न्यायालयले समेत जलवायु परिवर्तनले पारेको नकारात्मक असरका सम्बन्धमा हरितगृह ग्यास उत्सर्जन बढी गर्ने राज्यहरूको कानुनी दायित्वका जलवायु न्यायको अवधारणालाई अन्तर्राष्ट्रिय कानुनको महत्त्वपूर्ण अंग बनाएको छ ।

अन्तर्राष्ट्रिय कानुनमा जलवायु न्याय

सन् १९९२ को पृथ्वी सम्मेलनले 'दिगो विकास' को अवधारणालाई स्थापित गर्दै मुख्य उपलब्धिका रूपमा संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिको संरचना, १९९२ पारित गऱ्यो । यस महासन्धिले जलवायु प्रणालीका सम्बन्धमा पूर्वसावधानीको सिद्धान्त साझा तर फरक जिम्मेवारी र दायित्वको सिद्धान्त, नोक्सानी पुऱ्याउनेले दायित्व बेहोर्नुपर्नेजस्ता वातावरणीय न्यायका क्षेत्रमा महत्त्वपूर्ण सिद्धान्तहरु स्थापित गऱ्यो । साथै विश्वव्यापी जलवायु परिवर्तनले पारेको प्रभावलाई न्यूनीकरण गर्ने सम्बन्धमा विभिन्न उपायहरूको सैद्धान्तिक व्यवस्था गरेको थियो । यद्यपि, यो बाध्यकारी भने थिएन । यसै महासन्धिको पृष्ठभूमिमा सन् १९९७ मा 'क्योटो प्रोटोकल' र सन् २०१५ मा 'पेरिस सम्झौता' जारी गरी जलवायु परिवर्तनबाट प्रभावित राष्ट्रहरूले अन्तर्राष्ट्रिय मञ्चमा प्रश्न उठाई न्यायको याचिका माग गर्न सक्ने आधार निर्माण गऱ्यो । यिनै प्रोटोकल र सम्झौताका आधारमा हानि र नोक्सानी कोषको स्थापना भई कोषबाट प्रभावित राष्ट्रहरूले परिपूरण पाउने गरी जलवायु वित्त कानुनी व्यवस्था गऱ्यो ।



'जलवायु न्याय' भनेको हरितगृह ग्यास उत्सर्जन बढी गर्ने राष्ट्रहरूले कम हरितगृह उत्पादन गर्ने र जलवायु परिवर्तनबाट बढी प्रभावित राष्ट्रहरूलाई वित्तीय, प्राविधिक र क्षमता विकाससम्बन्धी आवश्यक सहयोग, क्षतिपूर्ति उपलब्ध गराउनु हो । सन् १९९७ को क्योटो प्रोटोकलले जलवायु परिवर्तनबाट प्रभावित राज्यहरूले क्षतिपूर्ति पाउने अधिकारलाई स्पष्ट रूपमा उल्लेख गरेको भए पनि विकसित औद्योगिक राष्ट्रहरूले हरित ग्यास उत्सर्जन घटाउनुपर्ने लक्ष्यका सम्बन्धमा बाध्यकारी कानुनी दायित्वको व्यवस्था गऱ्यो । तोकिएको समयसीमाभित्र कानुन उत्सर्जन नघटाए थप दायित्व पनि निर्धारण गऱ्यो । औद्योगिक मुलुकहरूको नामै अनुसूचीमा उल्लेख गरी दायित्व पूरा गर्ने प्रतिबद्धतासमेत ती राष्ट्रहरूबाट व्यक्त गरियो । जलवायु परिवर्तनले पारेको नकारात्मक प्रभावलाई आत्मसात् गरी कार्बन उत्सर्जन न्यूनीकरण गर्न र जलवायु प्रणाली अनुकूलन गर्न आवश्यक वित्तीय, प्राविधिक र क्षमता विकाससम्बन्धी सहयोग गर्ने सम्बन्धमा कानुनी दस्ताबेजका रूपमा सन् २०१५ मा पेरिस सम्झौता गरियो । क्योटो प्रोटोकलले औद्योगिक राष्ट्रहरूको कार्बन उत्सर्जन घटाउने लक्ष्यसम्बन्धी विशेष व्यवस्थासहितको प्रतिबद्धता गरेकामा त्यस्तो व्यवस्थालाई पेरिस सम्झौताले खारेज गर्दै सबै राष्ट्रहरूले कार्बन उत्सर्जनको अनुपातमा दायित्वको वहनको व्यवस्था गऱ्यो । क्योटो प्रोटोकलको व्यवस्थाभन्दा पेरिस सम्झौताका व्यवस्था बढी अनुदार देखियो । पेरिस सम्झौताले 'आचरणको दायित्व' लाई कानुनी बाध्यकारी बनाए पनि 'परिणामको दायित्व' को सम्बन्धमा स्वघोषित प्रतिज्ञाहरूलाई स्वीकार गऱ्यो । जसको परिणाम बाध्यात्मक व्यवस्थालाई कमजोर बनाई सम्झौताको धारा ८ ले कुनै पनि प्रकारको दायित्व वा क्षतिपूर्तिका लागि आधार प्रदान गर्ने छैन भन्ने सर्त राखी अमेरिकाले पेरिस सम्झौता स्वीकार गरेको थियो । तर पुनः उक्त सम्झौताबाट दायित्व नबेहोर्ने गरी अलग भयो ।

यसैगरी राष्ट्रहरूले क्षतिपूर्ति बेहोर्ने कुरा स्पष्ट रूपमा नलेख्नु, हानिनोक्सानी कोषमा स्वेच्छाले दिने जलवायु वित्तलाई आफ्नो गल्ती वा उत्सर्जनको कानुनी स्विकारोक्तिका रूपमा व्याख्या गर्न नहुने भन्ने सर्तले जलवायु न्यायको कानुनी दायित्वलाई कमजोर बनाउने केही औद्योगिक देशहरूको अभिप्राय देखियो । क्योटो प्रोटोकल र पेरिस सम्झौता कानुनी बाध्यकारी शक्ति प्रदान गर्ने दस्ताबेज भए पनि क्यानडा र संयुक्त राज्य अमेरिकाजस्ता मुलुक नै यस प्रोटोकल र सम्झौताबाट बाहिरिनुले अन्तर्राष्ट्रिय कानुनको बाध्यकारी शक्तिलाई कमजोर बनाउने प्रवृत्ति देखिएका छन् ।

पेरिस सम्झौताको व्यवस्थाअनुरूप हानिनोक्सानी कोषमा औद्योगिक राष्ट्रहरूले करिब ८२० मिलियन अमेरिकी डलर दिने वाचा गरे पनि हालसम्म ४०० मिलियन डलर मात्र जम्मा भएको देखिन्छ । कोषमा रकम दाखिला बाध्यात्मक नभई स्वैच्छिक भएकाले जलवायु परिवर्तनबाट प्रभावित १३० भन्दा बढी विकासोन्मुख देशले हालसम्म ३०० बिलियन डलर बराबरको सहयोग मात्र गरेका छन् । कोषमा दाखिला भएको रकमभन्दा माग भएको रकम कैयौं गुणा बढी देखिन्छ ।

**जलवायु न्याय कार्यान्वयनमा न्यायालयको व्याख्या**

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूले प्रत्याभूत गरेको जीवनको अधिकार र वातावरणीय अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौताले प्रत्याभूत गरेका अधिकारका आधारमा जलवायु न्यायसम्बन्धी व्याख्या भएका छन् ।

त्यस्तै, जलवायु परिवर्तनसम्बन्धी महासन्धि, क्योटो प्रोटोकल, पेरिस सम्झौता तथा परम्परागत अन्तर्राष्ट्रिय कानुनका व्यवस्था र तिनको न्यायिक व्याख्यालाई समेत आधार बनाइएको छ । जलवायु परिवर्तनका कारण हानिनोक्सानी वहन गरेका राज्यले पाउने न्याय र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हानिनोक्सानी पुऱ्याउने राष्ट्रले बेहोर्नुपर्ने दायित्वका सम्बन्धमा राष्ट्रिय तहका अदालत र अन्तर्राष्ट्रिय न्यायालयले विभिन्न मुद्दामा जलवायु न्यायसम्बन्धी महत्त्वपूर्ण व्याख्या गरेका छन् ।

राज्यका अदालतहरूले ठूला जैविक स्रोतबाट उत्पादित इन्धन उत्पादन कम्पनी र अत्यधिक कार्बन उत्सर्जन गर्ने देशहरु कानुनी रूपमा जवाफदेही हुने फैसला गरेका छन् । यसै सन्दर्भमा आधुनिक जलवायु न्यायिक सक्रियताको उदाहरण उर्गेन्डा फाउन्डेसनविरुद्ध नेदरल्यान्ड्स सरकार, २०१९ को मुद्दामा हरित ग्यास उत्सर्जन घटाउन मानवअधिकारसम्बन्धी युरोपेली महासन्धिको धारा २ को जीवनको अधिकारअन्तर्गत सरकार कानुनी रूपमा बाध्य छ भन्ने ठहर गऱ्यो । मिलिउडी फेन्सीसमेतविरुद्ध रोयल डच सेल, २०२१ को मुद्दामा कर्पोरेट उत्तरदायित्वको व्याख्या गर्दै सेल कम्पनीलाई सन् २०३० सम्म खुद ४५ प्रतिशत उत्सर्जन घटाउन आदेश दियो । न्यु वाउरसमेतविरूद्ध जर्मनी, २०२१ को मुद्दामा जर्मनीको संवैधानिक अदालतले अन्तरपुस्ता न्यायको अवधारणालाई जलवायु न्यायसँग जोडी व्याख्या गऱ्यो । यस्तै भारतीय अदालतले एमके रजित सिंहसमेतविरूद्ध भारत सरकारको मुद्दा, २०२४ मा जलवायु परिवर्तनको असर र प्रभावको पृष्ठभूमिमा व्याख्या गर्दै पर्यावरणीय स्थायित्वबिना मानव जीवन, स्वास्थ्य र जीविकोपार्जनको संवैधानिक वाचाहरु निष्प्रभावी हुने फैसला गऱ्यो ।


सन् २०१८ मा कोस्टारिकाविरूद्ध निकारागुवाको मुद्दा अर्को राष्ट्रमा क्षति पुऱ्याउने गरी कुनै गतिविधि गरी वातावरणीय अधिकारमा क्षति गर्न नपाउने भन्दै पारिस्थितिकीय सेवा प्रणालीमा पुगेको क्षतिका आधारमा निकारागुवाले कोस्टारिकालाई क्षतिपूर्ति दिनुपर्ने निर्णय गऱ्यो । यस्तै निर्णय अमेरिकाविरूद्ध क्यानडाको १९४१ को मुद्दामा अर्काको मुलुकमा क्षति पुग्ने गरी कुनै कार्य गर्न नपाउने सिद्धान्त स्थापित गऱ्यो । राज्यले उत्सर्जनहरूलाई रोक्न, नियन्त्रण गर्न र न्यूनीकरण गर्न आवश्यक पूर्वसावधानी नअपनाएकामा राज्यको दायित्व आकर्षित हुन्छ भन्ने व्याख्या पल्प मिल्सको मुद्दा अर्जेन्टिनाविरूद्ध उरुग्वे, २०१० मा भएको देखिन्छ । सामुद्रिक कानुनसम्बन्धी अन्तर्राष्ट्रिय न्यायाधिकरणले सन् २०२४ मा सर्वसम्मत सल्लाहकारी राय जारी गर्दै हरितगृह ग्यास सामुद्रिक प्रदूषण हो, जसले समुद्रले सोस्ने अत्यधिक ताप र कार्बनले समुद्रको तापक्रम वृद्धि, अम्लीकरण र अक्सिजनमा ह्रास हुने भएकाले औद्योगिक राष्ट्रहरूले हरित ग्यासको उत्सर्जनमा नियन्त्रण गर्न पूर्वसावधानी अपनाउनुपर्ने व्याख्या गरेको छ ।

२३ जुलाई २०२५ मा भानुआटु र युवा अभियन्ताका तर्फबाट उठाइएको जलवायु न्यायसम्बन्धी मुद्दामा सर्वसम्मत परामर्शदायी राय जारी गर्दै अन्तर्राष्ट्रिय न्यायालयले- वातावरणीय हानि नपुऱ्याउने प्रथाजनित अन्तर्राष्ट्रिय कानुनको सिद्धान्त ट्रेल स्मेल्टर र कोर्फु च्यानल मुद्दामा गरेको निर्णय विश्वव्यापी जलवायु प्रणालीमा समेत समान रूपमा लागू हुने, आफ्ना क्षेत्राधिकारभित्र रहेका ठूला कर्पोरेट प्रदूषकहरूलाई नियन्त्रण र नियमन गर्नु राज्यको दायित्व हुने अन्यथा राज्य असफल भएको मानिने, जलवायु संकटले आदिवासी जनजाति, बालबालिका, महिला र तटीय क्षेत्रका बासिन्दाहरूलाई बढी असर पार्ने तथ्यलाई स्वीकार गर्दै समपुस्ता र अन्तरपुस्ताको अधिकारको सम्मान गर्नुपर्ने, कार्बन उत्सर्जन नियन्त्रणका निम्ति राज्यले पर्याप्त न्यूनीकरण नीतिहरु अवलम्बन गर्नुपर्ने, गैरकानुनी कार्य गरी असर पुऱ्याउने राज्यले त्यसबाट उत्पन्न सबै परिणामहरु मेटिने गरी पूर्ण परिपूरण उपलब्ध गराउनुपर्ने राय व्यक्त गरेको छ । यसैगरी अन्तर्राष्ट्रिय न्यायालयले पेरिस सम्झौताको धारा ८ ले राज्यको क्षतिपूर्तिसम्बन्धी सामान्य अन्तर्राष्ट्रिय कानुनका स्थापित नजिर र सिद्धान्तहरूलाई निष्प्रभावी बनाउन नसक्ने, कुल विश्वव्यापी उत्सर्जनमा पुऱ्याएको अनुपातका आधारमा कानुनी दायित्व र वित्तीय क्षतिपूर्ति तय गर्न सकिनेजस्ता सिद्धान्तहरूको स्पष्ट व्याख्या गरेको छ ।

**अन्तर्राष्ट्रिय मञ्चमा नेपालको दाबी**

नेपालले परम्परागत अन्तर्राष्ट्रिय कानुनका सम्बन्धमा अन्तर्राष्ट्रिय न्यायालयले गरेको व्याख्या, वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताका व्यवस्था र त्यसका आधारमा भएका न्यायिक निर्णयलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रश्न/दाबी पेस गर्ने आधार बनाउनुपर्छ । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र अनुबन्धहरूले प्रत्याभूत गरेका अधिकारलाई पनि यसका लागि आधार बनाउन सकिन्छ । त्यसैगरी, जलवायु परिवर्तनसम्बन्धी महासन्धि, क्योटो प्रोटोकल, पेरिस सम्झौता र २३ जुलाई २०२५ मा अन्तर्राष्ट्रिय न्यायालयले जारी गरेको परामर्शदायी रायलाई समेत नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आफ्ना प्रश्न/दाबी पेस गर्ने आधार बनाउनुपर्छ ।

यसरी प्रश्न/दाबी गर्दा वास्तविक क्षति नोक्सानीको लागतसहितको यथार्थ झल्किने प्रतिवेदन, जलवायु परिवर्तनका कारणले क्षति नोक्सानी भएको भन्ने स्पष्ट आधार, पुनर्निर्माणमा लाग्ने लागतजस्ता विषयको स्पष्ट आँकडासहितको विवरण उल्लेख गरी हानिनोक्सानीको परिपूरण र जलवायु न्याय प्राप्तिमा जलवायु कूटनीति, विभिन्न मुलुकहरूसँगको सहयोग र प्रभावित राज्यहरूबीचको ऐक्यबद्धतासहित प्रस्तुत हुनु आवश्यक छ । - *कान्तिपुर*



# भोटोकोशी बाढीमा परेका प्राधिकरणकै आयोजनाका छैनन् बिमा

काठमाडौं । १० भदौमा भोटेकोशी-त्रिशूली बाढीमा परेर क्षतिग्रस्त भएका नेपाल विद्युत् प्राधिकरणका जलविद्युत् उत्पादन तथा प्रसारण परियोजनाको बिमा नै नभएको पाइएको छ । प्राधिकरणको सहायक कम्पनीले निर्माण गरेका परियोजनाहरूको बिमा गरिए पनि प्राधिकणकै स्वामित्वका रहेका परियोजनाको बिमा नगरिएको हो ।

बिमा नभएपछि प्राधिकरणकै लगानीमा निर्माण भएका प्रभावित आयोजनाको पुनर्निर्माण पुनः आफ्नै खर्चमा गर्नुपर्ने अवस्था आएको छ । बिमा गरेको अवस्थामा दाबीबापत आउने रकमले पुनर्निर्माणमा सहयोग पुग्ने थियो, तर अब त्यस्तो विकल्प नभएको प्राधिकरणका एक अधिकारीले बताए ।

प्राधिकरण स्रोतका अनुसार ६० मेगावाटको माथिल्लो त्रिशूली-३ 'ए', २४ मेगावाटको त्रिशूली र १४ मेगावाटको देवीघाट जलविद्युत् केन्द्रको बिमा गरिएको छैन । माथिल्लो त्रिशूली-३ 'ए' को बाँध तथा सुरुङलगायतका संचना क्षतिग्रस्त भएको छ भने अन्य परियोजनाको बाँध तथा विद्युत्गृहमा क्षति पुगेको छ ।

यसैगरी, पूर्वाधारतर्फ त्रिशूलीस्थित २२० केभीको-३ बी हब सबस्टेसनको पनि बिमा नभएको पाइएको छ । यो परियोजना पनि बाढीबाट पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । बाढीले समुन्दैटार-त्रिशूली १३२ केभी, चिलिमे-त्रिशूली ६६ केभी, चिलिमे हब-त्रिशूली-३ बी हब मातातीर्थ २२० केभी र त्रिशूली-बालाजु ६६ केभी प्रसारणलाइनलाई पनि क्षति पुऱ्याएको छ । तर, यी कुनै पनि पूर्वाधारको बिमा नभएको स्रोतको भनाइ छ । उनले भने 'अहिले बाढीले क्षति पुऱ्याएका पूर्वाधारहरूको क्षति मूल्यांकन गर्ने तयारी भइरहेको छ । त्यसपछि मात्रै प्राधिकरणअन्तर्गतको आयोजनामा भएको क्षतिबाट कति नोक्सान भयो भन्न सकिन्छ । अहिले त्यस्तो केही भन्न सकिने अवस्था छैन ।'



### सहायक कम्पनीले निर्माण गरेका परियोजनाको भने बिमा

प्राधिकरणको सहायक कम्पनीले निर्माण गरेका २२ मेगावाटको चिलिमे जलविद्युत् र १११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनाको भने बिमा गरिएको छ । बाढीमा परेर यी दुवै परियोजना क्षतिग्रस्त भएका छन् ।

चिलिमे जलविद्युत् परियोजनामा भएको सम्पत्तिमा वार्षिक रूपमा हुने 'ह्रासकट्टी' मूल्यांकनमा बिमा गरिएको छ । चिलिमेका परियोजना प्रमुख बाबुराजा महर्जनका अनुसार क्षतिपछि बिमा गरिएको हिमालयन एरभेष्ट इन्स्योरेन्स कम्पनीमा दाबीका लागि पत्र पठाइसकिएको छ । सम्पत्तिको ह्रासकट्टीअनुसार बिमा गरेका कारण 'पुनर्निर्माण' लागत बराबरको बिमा दाबी रकम आउने सम्भावना भने छैन । यस्तै, १११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनाको भने 'प्रोजेक्ट कस्ट'का आधारमा बिमा गरिएको छ । तर, त्यो १०-१२ वर्षअघिको मूल्यांकन गरिएको 'प्रोजेक्ट कस्ट'का आधारमा बिमा गरिएको स्रोतको भनाइ छ । त्योअनुसार यसमा पनि पुनर्निर्माणलाई चाहिने जति बिमा दाबी आउने सम्भावना न्यून छ । यसैगरी, ३७ मेगावाटको माथिल्लो त्रिशूली-३ बी भने निर्माणकै क्रममा रहेकाले ठेकेदार बिमाअन्तर्गत कभर हुन्छ । निजी क्षेत्रका आयोजनाले भने बिमा गरेका छन् ।

### बिमा नगर्ने पुरानै अभ्यास

प्राधिकरणले आफ्नो उत्पादन तथा प्रसारण पूर्वाधारको बिमा नगर्ने पुरानै अभ्यास हो । विभिन्न कालखण्डमा आउने बिपत्तीले प्राधिकरणको परियोजनामा पनि क्षतिग्रस्त हुँदै आएका छन् । त्यसले गर्दा बिमा गर्नुपर्ने नीति ल्याउनुपर्नेमा प्राधिकरणलाई दबाब दिएको थियो । तर, प्राधिकरणले आफ्नो परियोजनाको बिमा गर्ने गरेको छैन ।

'हाम्रो प्रसारण, सबस्टेसन, वितरण लाइन धेरै छ । त्यसको बिमाशुल्क नै धेरै लाग्छ । उत्पादन परियोजना पुराना छन् । त्यसको बिमा लागत धेरै हुन्छ । तर, दाबी भुक्तानी धेरै आउँदैन । त्यसले गर्दा बिमा गर्ने गरिएको थिएन । त्योभन्दा हामीलाई परेको वेला आफैँले खर्च गरेर पुनर्निर्माण गर्नु सस्तो पर्छ,' एक पूर्वकार्यकारी निर्देशकले भने, 'त्यसले गर्दा बिमा गर्ने अभ्यास थिएन ।'

# मधेशमा आधाभन्दा बढी धानखेती अझै आकाशे पानीको भरमा

देशकै प्रमुख धान उत्पादन क्षेत्रमध्ये पर्ने मधेश प्रदेशमा आधाभन्दा बढी धानखेती अझै आकाशे पानीको भरमा भइरहेको छ। पर्याप्त सिँचाइ सुविधा नहुँदा धान उत्पादन र उत्पादकत्वमा प्रत्यक्ष असर परिरहेको सरोकारवाला निकायहरूले बताएका छन्। मधेश प्रदेशका आठवटै जिल्लामा धानखेती हुने गरे पनि कुल खेतीयोग्य क्षेत्रफलको आधाभन्दा कम भूभागमा मात्रै सिँचाइ सुविधा पुगेको सरकारी तथ्यांकले देखाएको छ।

प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रकाशित गरेको 'कृषि दर्पण'अनुसार प्रदेशको कुल खेतीयोग्य जमिनमध्ये ४९ दशमलव ४४ प्रतिशत क्षेत्रमा मात्रै सिँचाइ सुविधा पुगेको छ। यसको अर्थ आधाभन्दा बढी खेतीयोग्य जमिन अझै वर्षाको पानीमा निर्भर रहेको छ। समयमै पर्याप्त वर्षा नहुँदा किसानले धानको बेर्ना राख्नदेखि रोपाइँसम्म समस्या भोग्दै आएका छन्। रोपाइँको समयमा खडेरी पर्दा धान उत्पादनमा समेत प्रत्यक्ष असर पर्ने गरेको किसानहरूको अनुभव छ। पछिल्ला केही वर्षयता मधेश प्रदेशमा पटक-पटक खडेरीको अवस्था सिर्जना हुँदै आएको छ। मधेश प्रदेशका आठ जिल्लामा सिँचाइ सुविधा पुगेको क्षेत्रफलमा ठुलो अन्तर देखिएको छ। सबैभन्दा बढी सर्लाहीमा खेतीयोग्य क्षेत्रफलको ७२ दशमलव ६८ प्रतिशतमा सिँचाइ सुविधा पुगेको छ। पर्सामा ६१ दशमलव २१ प्रतिशत क्षेत्रमा सिँचाइ सुविधा रहेको छ।

त्यस्तै, धनुषामा ५१ प्रतिशत, बारामा ५० प्रतिशत र रौतहटमा ४८ दशमलव ९१ प्रतिशत खेतीयोग्य क्षेत्रमा सिँचाइ सुविधा पुगेको तथ्यांक छ।

महोत्तरीमा भने ३२ दशमलव ५४ प्रतिशत, सिराहामा ३९ दशमलव ७८ प्रतिशत र सप्तरीमा करिब ३४ प्रतिशत खेतीयोग्य क्षेत्रमा मात्रै सिँचाइ सुविधा पुगेको छ। यसले कृषि उत्पादन वृद्धि गर्ने सरकारी लक्ष्य र किसानको खेतसम्म पुगेको सिँचाइ सुविधाबिच अझै ठुलो अन्तर रहेको देखाउँछ। विशेष गरी महोत्तरी र सप्तरीका किसान ठुलो मात्रामा आकाशे पानीमा निर्भर छन्।

मधेश प्रदेशमा कुल ५ लाख ६७ हजार ५६५ हेक्टर खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये ३ लाख ७४ हजार ११७ हेक्टर क्षेत्रमा धानखेती हुने गरेको कृषि मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

तर पर्याप्त सिँचाइ तथा मलखादको अभावका कारण धानको उत्पादकत्व अपेक्षाकृत कम रहेको छ। मन्त्रालयको विवरणअनुसार चैते र वर्षे धान गरी प्रदेशमा प्रतिहेक्टर औसत ३ दशमलव ९६ मेट्रिक टन धान उत्पादन हुने गरेको छ।

प्रदेशमा हाल करिब १४ लाख ८० हजार ८३० मेट्रिक टन धान उत्पादन भइरहेको छ। आर्थिक वर्ष २०८१/८२ मा १५ लाख २ हजार ५८ मेट्रिक टन धान उत्पादन भएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा १२ लाख ९६ हजार ६०७ मेट्रिक टन उत्पादन भएको तथ्यांक छ।

देशभर वार्षिक करिब ७२ लाख मेट्रिक टन धान आवश्यक पर्ने अनुमान छ। तर औसतमा करिब ६० लाख मेट्रिक टन मात्रै उत्पादन हुने गरेको बताइन्छ। आन्तरिक उत्पादनले माग धान्न नसक्दा करिब १२ लाख मेट्रिक टन धान भारतबाट आयात गर्नुपर्ने अवस्था रहेको छ।

धान उत्पादनको ठूलो सम्भावना हुँदाहुँदै पनि सिँचाइ र मलखादको सहज उपलब्धता नहुँदा कृषि उत्पादनमा अपेक्षित वृद्धि हुन सकेको छैन। कृषि क्षेत्रको आधारभूत पूर्वाधारका रूपमा रहेको सिँचाइमा पर्याप्त तथा प्रभावकारी लगानी हुन नसक्नु प्रमुख समस्याका रूपमा देखिएको छ। किसानले हरेक वर्ष धान रोपाइँको समयमा मल र सिँचाइको समस्या भोग्दै आएका छन्। संघ, प्रदेश र स्थानीय गरी तीनवटै तहका सरकारले सिँचाइ क्षेत्रमा लगानी गर्दै आए पनि त्यसको प्रभाव किसानको खेतसम्म पर्याप्त रूपमा पुग्न सकेको छैन। संघीय र प्रदेश तहमा सिँचाइसम्बन्धी छुट्टाछुट्टै मन्त्रालय तथा निकाय छन्। मधेस प्रदेशमा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमार्फत कृषि सिँचाइका विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

प्रदेश सरकारले हरेक वर्ष डिप ट्युबवेल, स्यालो ट्युबवेल, नहर, कुलो तथा अन्य सिँचाइ आयोजनामा लगानी गर्दै आएको छ। भूमिगत सिँचाइ विस्तारका लागि वर्षेनी एक सयभन्दा बढी डिप ट्युबवेल, स्यालो ट्युबवेल तथा अन्य सिँचाइ आयोजनामा लगानी हुने गरेको छ। तर योजना छनोट, पर्याप्त बजेट तथा प्रभावकारी व्यवस्थापनको अभावका कारण धेरै आयोजना समयमै सम्पन्न हुन सकेका छैनन्।

## खेलकुद

# नेपालको बाढीप्रति युइएफएको ऐक्यबद्धता

युरोपेली फुटबलको सर्वोच्च निकाय (युइएफए)ले मंगलबार च्याम्पियन्स लिगअन्तर्गत सुरुवाती चरणका सबै खेलअघि भोटेकोशी विनाशकारी बाढीमा परी मृत्यु भएकाप्रति एक मिनेट मौनधारण गर्ने गरिएको छ।

विनाशकारी बाढी तथा त्यसबाट प्रभावितप्रति ऐक्यबद्धता जनाउँदै युइएफएले च्याम्पियन्स लिगका खेलअघि एक मिनेट मौनधारण गरिएको हो।

युइएफएका अध्यक्ष अलेक्जान्डर चेफेरिनले यस साता हुने सबै युइएफए च्याम्पियन्स लिगका खेलअघि बाढीपीडितको सम्मानमा मौनधारण गरिने बताएका थिए । 'तपाईं एक्लो हुनुहुन्न, नेपाल' भन्ने सन्देशसहित युइएफएले नेपाली जनताप्रति गहिरो समवेदना र समर्थन व्यक्त गरेको छ । चेफेरिनले युरोपेली फुटबल परिवार यस दुःखद घडीमा नेपालसँग एकजुट भएर उभिने बताएका छन् । 'विपत्तिबाट प्रभावित नेपाली जनताले संकटबाट बाहिर निस्कने क्रममा शक्ति र धैर्य प्राप्त गरून्,' उनले भनेका छन् ।

युइएफएको यस निर्णयले नेपालको विपत्तिप्रति अन्तर्राष्ट्रिय खेल क्षेत्रबाट समेत ऐक्यबद्धता र समर्थन जनाइएको छ । 'नेपालका जनताप्रति गहिरो समवेदना र समर्थन व्यक्त गर्न एकसाथ उभिनेछौँ । यस दुःखद घटनापछि पुनर्स्थापनाको यात्रामा उनीहरूलाई शक्ति र धैर्यको कामना गर्दछौँ,' चेफेरिनले भने ।

# एनपिएल टेलिभिजन प्रसारण अधिकार हिमालयलाई

नेपाल क्रिकेट संघ (क्यान)ले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को टेलिभिजन र ओटिटी प्रसारण अधिकार ३२ करोड ६८ लाखमा बिक्री गरेको छ । क्यानका सचिव पारस खड्काले ओटिटी अधिकारको विश्वव्यापी विजेता नेट टिभी प्रालि भएको बताए । नेट टिभीले यसका लागि क्यानलाई १८ करोड चार लाख रूपैयाँ तिर्नेछ ।

टेलिभिजन अधिकार नेपाल क्षेत्र विजेता हिमालय टेलिभिजन नेटवर्क प्रालि प्राप्त गरेको छ । यसका लागि हिमालयले १४ करोड ६४ लाख खर्च गरेको हो । नेपालबाहेक टेलिभिजनको प्रसारण भने स्टार स्पोर्टस्बाट हुँदै आएको छ । क्यानका अनुसार टिकटिङ अधिकार इसेवा लिमिटेडले पाएको छ । जसका लागि ८५ लाखमा सहमति भएको छ ।

सहमति भएका व्यावसायिक सर्तअनुसार टिकटिङबाट प्राप्त हुने आम्दानीको ९५ प्रतिशत क्यानलाई र पाँच प्रतिशत इसेवालाई हुनेछ । 'हिमालय स्पोर्टस्ले कबोल गरेको यो रकम गत वर्षको प्रसारण अधिकार मूल्यभन्दा पाँच गुणाभन्दा बढी हो । यस वर्षका लागि तोकिएको न्यूनतम बोलकबोल रकमभन्दा झन्डै साढे दुई गुणा बढी हो,' खड्काले भने ।

एनपिएलको पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको थियो । दोस्रो संस्करणको विजेता लुम्बिनी हो । गत संस्करणमा लुम्बिनीले लगातार दुईपटक फाइनल पुगेको सुदूरपश्चिम रोयल्सलाई हराएको थियो । एनपिएलका लागि खेलाडी अक्सन भइसकेको छ । तेस्रो संस्करणको एनपिएल आगामी २६ अक्टोबरदेखि २१ नोभेम्बरसम्म हुनेछ ।

# बालोन ड'ओरको मनोनयनमा पिएसजीको दबदबा

बालोन डी अर अवार्डको मनोनयन मंगलबार ३० जना खेलाडीको सूची सार्वजनिक भएको छ । मनोनयनमा पेरिस सेन्ट जर्मेन (पिएसजी)का सर्वाधिक १० खेलाडी परेका छन् । युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताको साबिक विजेता पिएसजीका ओस्माने डेम्बेले तथा मिडफिल्ड भिटिन्हा लगातार तेस्रोपटक अन्तिम सूचीमा समावेश भएका छन् । गत जुन-जुलाईमा अमेरिका, क्यानडा र मेक्सिकोले आयोजना गरेको २३औँ फिफा विश्वकप फुटबल प्रतियोगितामा अर्जेन्टिनालाई उपविजेता बनाएका लियोनल मेसी पनि लगातार १७औँपटक मनोनयनमा परेको बिबिसीले जनाएका छन् ।

बालोन डी अर अवार्डको मनोनयनमा सर्वाधिक सूचीकृत हुने खेलाडीमा पोर्चुगलका क्रिस्टियानो रोनाल्डो हुन् । उनी १८ पटक मनोनयनमा परेका थिए । युरोपियन फुटबल छाडेर एसियामा आएपछि रोनाल्डो बालोन डी अर अवार्डको मनोनयनमा परेका छैनन् । इन्टर मियामीबाट व्यावसायिक फुटबल खेलिरहेका मेसीले आठपटक अवार्ड हात पारेका छन् ।

सन् २०२४ को बोलोन डी अर विजेता रोड्री पनि मनोनयनमा परेका छन् । स्पेनलाई दोस्रोपटक विश्वकप दिलाउन उनको भूमिका निर्णायक थियो । रियल म्याड्रिडका मुख्य स्ट्राइकर केलियन एम्बाप्पे, बार्सिलोनाका विंगर लामिन यमाल तथा बायर्न म्युनिखका स्ट्राइकर ह्यारी केनलाई यसपटक उपाधिका दाबेदारका रूपमा लिएका छन् ।

बार्सिलोनाबाट तीनजना खेलाडी मनोनयनमा रहँदा यामल मुख्य रहेका छन् । बार्सिलोनाले हालै पाउल कुवार्सी तथा रोड्रीलाई म्यानचेस्टर सिटीबाट अनुबन्ध गरेको थियो । बार्सिलोनाका पूर्वखेलाडी फरान टोरेस पनि पिएसजीमा अनुबन्ध भएका हुन् । रियल म्याड्रिडबाट योपटक चारजना खेलाडी मनोनयनमा परेका छन् । एम्बाप्पेसँगै मार्को कुकुरेला, भिनिसियस जुनियर तथा जुड बेलिंघम मनोनयनमा परेको बिबिसीले जनाएको छ ।

## कर्पोरेट

### ● प्रधानमन्त्री राहत कोषमा करिब १२ अर्ब मौज्दात

प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा हालसम्म रू. ११ अर्ब ९५ करोड १७ लाख मौज्दात रहेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार मंगलबार साँझ ५ बजेसम्म कोषका नौवटा नेपाली रूपैयाँ खातामा रू. ८ अर्ब ७६ करोड ६९ लाख र दुईवटा अमेरिकी डलर खातामा २ करोड ११ लाख ८ हजार ४७१ अमेरिकी डलर मौज्दात रहेको छ। अमेरिकी डलरलाई प्रतिडलर रू. १५०.८८ का दरले रूपान्तरण गर्दा कोषको कुल मौज्दात रू. ११ अर्ब ९५ करोड १७ लाख पुगेको कार्यालयले जनाएको छ।

यसैगरी, रसुवा-भोटेकोशी बाढीपछि कोषमा रू. ७ अर्ब ६८ करोड ४४ लाख तथा २ करोड ५ लाख २२ हजार ४२३ अमेरिकी डलर संकलन भएको छ। उक्त रकम विपतअघिको कोषमा रहेको रू. २ अर्ब ८ करोड २४ लाख मौज्दातबाहेकको हो।

अर्थ मन्त्रालयका अनुसार भदौ २३ गते मात्रै कोषमा रू. ३० करोड ६२ लाख तथा १ लाख १२ हजार ३२ अमेरिकी डलर सहयोग प्राप्त भएको छ।

विपतपछि राहत तथा पुनर्स्थापनाका लागि कोषमा स्वदेश तथा विदेशबाट सहयोग रकम प्राप्त हुने क्रम जारी रहेको मन्त्रालयले जनाएको छ।

### ● ग्लोबल आइएमई क्यापिटलले २५ प्रतिशत लाभांश वितरण गर्ने

ग्लोबल आइएमई क्यापिटल लिमिटेडले गत आवको नाफाबाट आफ्ना सेयरधनीलाई वितरण गर्ने लाभांश घोषणा गरेको छ । कम्पनीको सञ्चालक समितिको बैठकले २५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । यसअनुसार चुक्ता पुँजीको १५ प्रतिशत बोनस सेयर र कर प्रयोजनसहित १० प्रतिशत नगद लाभांश वितरण हुनेछ ।

१५ प्रतिशत बोनस सेयरबापत सात करोड ४० लाख ८७ हजार रूपैयाँ र १० प्रतिशत नगद लाभांशबापत चार करोड ९३ लाख ९१ हजार रूपैयाँ वितरण गरिन लागेको क्यापिटलले जनाएको छ । लाभांश वितरणसम्बन्धी प्रस्ताव पारित गर्न १४ असोजमा वार्षिक साधारणसभा बोलाइएको छ । साधारणसभाले सञ्चालक समितिको प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन पारित गर्नुका साथै चालू आवका लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्नेलगायत प्रस्ताव पारित गर्नेछ ।

### ● सिद्धार्थ बैंकका ग्राहकलाई बेस्ट वेस्टर्न प्लसमा १०५ छुट

सिद्धार्थ बैंक र बेस्ट वेस्टर्न प्लस गोदावरी रिसोर्टबिच बैंकका ग्राहकलाई छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार गोदावरी ललितपुरस्थित उक्त रिसोर्टमा ग्राहकले बैंकको कार्ड वा मोबाइल बैंकिङमार्फत भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

यस सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । थप जानकारीका लागि बैंकको २४सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र, 'सिद्धार्थ केयर'मा सम्पर्क गर्न सकिने बताइएको छ ।

### ● बाढी प्रभावित क्षेत्रमा स्याटेलाइटमार्फत इन्टरनेट सेवा दिँदै एनसेल

एनसेलले स्याटेलाइट प्रविधिमा आधारित इन्टरनेट सेवा उपलब्ध गराउन थालेको छ । भोटेकोशी नदीमा आएको बाढी प्रभावित क्षेत्रमा हाल भइरहेको खोज, उद्धार र राहतकार्यलाई सहज बनाउन तथा आपत्कालीन अवस्थामा सञ्चार अवरूद्ध नहोस् भन्ने उद्देश्यले यो सेवा उपलब्ध गराउन थालिएको बताएको छ । युटेलस्याटको लो अर्थ अर्बिट स्याटेलाइटबाट सञ्चालित उपकरण एनसेलले उद्धार, राहत र पुनर्स्थापना प्रयासमा संलग्न सम्बन्धित सरकारी निकायसँग समन्वय गरी आवश्यक स्थानमा जडान गरिरहेको छ । यो प्रविधिले सञ्चार सञ्जाल अवरूद्ध भएका वेलासमेत स्याटेलाइटमार्फत इन्टरनेट सेवा प्रदान गर्ने बताइएको छ ।

कम्पनीका अनुसार बाढी प्रभावित समुदाय, होल्डिङ सेन्टर र राहत वितरण केन्द्र, अस्थायी शिविर, आपत्कालीन कार्य हुने स्थानलगायतका क्षेत्रमा यो प्रविधिले निःशुल्क इन्टरनेट सेवा प्रदान गर्नेछ । यसै प्रविधिमार्फत नुवाकोटका तीन महत्वपूर्ण स्थानमा सेवा उपलब्ध गराइएको छ भने बाढी प्रभावित अन्य स्थानमा जडान गर्ने कार्य जारी रहेको कम्पनीले जानकारी दिएको छ ।

यो प्रविधिमा जमिनमा जडान गरिएको उपकरणले स्याटेलाइटबाट इन्टरनेट सिग्नल प्राप्त गर्छ । त्यसपछि उक्त उपकरणले वरपरका क्षेत्रमा एकअर्को उपकरणमार्फत वाइफाई सेवा उपलब्ध गराउँछ । साधारण इन्टरनेट र मोबाइल सेवा उपलब्ध नभए पनि यो प्रविधिले इन्टरनेट सेवा दिने बताइएको छ ।

यो प्रविधिले उच्च गति र लो लेटेन्सी कनेक्टिभिटी प्रदान गर्छ, जसको अर्थ मानिसले यसलाई सन्देश आदानप्रदान, इन्टरनेट आधारित कल, महत्वपूर्ण जानकारी पहुँच, ब्राउजिङ र राहत प्रयासको समन्वयका लागि प्रयोग गर्न सक्छन् । एनसेलले यो सेवाका लागि नेपाल दूरसञ्चार प्राधिकरणलगायतका सरकारी निकायबाट आवश्यक स्वीकृति प्राप्त गरिसकेको छ ।

पहिलो दिनदेखि नै एनसेलले बाढी प्रभावित क्षेत्रका तीन लाखभन्दा बढी प्रभावित ग्राहकलाई हरेक दिन निःशुल्क भ्वाइस, डेटा र एसएमएस सेवा प्रदान गर्दै आएको छ । कम्पनीले एनसेल फाउन्डेसनमार्फत प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा उद्धार, राहत र पुनर्स्थापना कार्यका लागि एक करोड रूपैयाँ आर्थिक सहयोग गरेको छ ।

### ● पुनर्निर्माणमा सघाउने विकास साझेदारको प्रतिबद्धता

विकास साझेदारहरूले भोटेकोशी बाढीले निम्त्याएको विपत्पछिको पुनर्निर्माण तथा पुनरूत्थानमा नेपाललाई सघाउने प्रतिबद्धता जनाएका छन् । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले विपत्पछिको पुनरूत्थान र आवश्यकता आकलनबारे अर्थ मन्त्रालयमा बुधबार गरेको छलफलमा सहभागी विकास साझेदारहरूका स्थानीय प्रतिनिधिहरूले नेपालको आवश्यकताअनुसार सघाउन तयार रहेको बताएका हुन् । सिंहदरबारस्थित अर्थ मन्त्रालयको सुवर्ण हलमा आयोजित बैठकमा प्रमुख दातृ निकायका २० भन्दा बढी मिसन प्रमुख तथा कन्ट्री डाइरेक्टरहरूको उपस्थिति रहेको थियो । बैठकमा रसुवा बाढी विपत्पछिको खोज, उद्धार तथा प्रारम्भिक पुनरूत्थान, द्रुत विपत् आवश्यकता आकलन र क्षति मूल्यांकनका विषयमा विस्तृत समीक्षा गरिएको थियो । कार्यक्रममा अर्थमन्त्री डा. वाग्लेले प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गराउन प्रतिस्पर्धा नै गरिरहेको बताए । हालसम्म १२ अर्ब रूपैयाँ जम्मा भइसकेको उनले जानकारी गराए ।

### ● महालक्ष्मी विकास बैंक तेस्रोपटक आइएसओ ९००१:२०१५ बाट प्रमाणित

महालक्ष्मी विकास बैंक अन्तराष्ट्रियस्तरमा मान्यताप्राप्त आइएसओ ९००१:२०१५ बाट लगातार तेस्रोपटक प्रमाणित भएको छ । गुणस्तर व्यवस्थापन प्रणालीमा अन्तराष्ट्रियस्तरको गुणस्तरीय सेवा प्रदान गर्न अब्बल भएबमोजिम बैंक ३२ साउन ०८१ देखि लागू हुने गरी आइएसओ प्रमाणित भएको थियो । त्यस्तै, ०८२ भदौमा भएको पहिलो सर्भिलियन्स अडिटबाट बैंक पुनः प्रमाणित भएको थियो ।

त्यस्तै, साउन ०८३ मा भएको तेस्रो सर्भिलियन्स अडिटबाट पनि ३२ साउनदेखि लागू हुने गरी पुनः प्रमाणित भएको हो । बैंकले 'प्रोभिजन अफ डेभलपमेन्ट बैंक एक्टिभिटिज'अन्तर्गत प्रमाणपत्र प्राप्त गरेको छ । यस्तो प्रमाणपत्र प्राप्त गर्नेमा विकास बैंकहरु महालक्ष्मी अग्रणी बैंक बनेको हो ।

अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गुणस्तर व्यवस्थापन प्रणाली कायम गरेका साथै उत्कृष्ट सेवा प्रदान, ग्राहक सन्तुष्टि सुनिश्चित तथा आफ्नो कार्य प्रणालीलाई निरन्तर सुधार गर्न सक्ने संस्थाले मात्रै यस्तो प्रमाणपत्र प्राप्त गर्ने व्यवस्था छ ।

### ● सिटिजन्स बैंकले ल्यायो ५.९९% स्थिर ब्याजदरमा घर र सवारीकर्जा

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकका लागि आकर्षक स्थिर ब्याजदरमा घर तथा सवारीकर्जा योजना ल्याएको छ । 'सपनाको घरलाई दिनुहोस् आकार, सिटिजन्स घरकर्जाले पार्नेछ सपना साकार' नारासहित पाँच वर्षका लागि स्थिर रहने गरी ५.९९ प्रतिशत प्रतिवर्ष ब्याजदरमा सजिलो घरकर्जा योजना ल्याएको हो । बैंकले सोही ब्याजदरमा तीन वर्षका लागि व्यक्तिगत सवारीसाधन कर्जा योजनासमेत ल्याएको छ । बैंकका अनुसार घरकर्जा पाँच वर्षसम्म र सवारीसाधन कर्जा तीन वर्षसम्म स्थिर ब्याजदर रहनेछ । स्थिर अवधि समाप्त भएपछि बैंकको प्रचलित औसत मासिक आधारदरमा १.५ प्रतिशत प्रिमियम दर थप गरी ब्याजदर कायम गरिने बताइएको छ । योजनामा सहभागी हुन ग्राहकले आफूलाई पायक पर्ने सिटिजन्स बैंकका जुनसुकै शाखा कार्यालयमा सम्पर्क गर्न सक्नेछन् । बैंकले ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा एटिएम, तीन विस्तारित काउन्टर र ४२ वटा शाखारहित बैंकिङ एकाइबाट वित्तीय सेवा दिँदै आइरहेको छ ।

### ● बाढी प्रभावितलाई टेलिकमको १० करोड सहयोग

नेपाल टेलिकमले भोटेकोशी बाढी प्रभावितका लागि १० करोड रूपैयाँ सहयोग गरेको छ । टेलिकमले संस्थागत रूपमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी १० करोड रकम हस्तान्तरण गरेको छ ।

टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले उक्त रकमको चेक सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनालगायतको उपस्थितिमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेकी हुन् । चेक हस्तान्तरण कार्यक्रममा टेलिकका प्रमुख सञ्चालन अधिकृत प्रेमप्रसाद सिलवाल, प्रमुख वित्तीय अधिकृत द्वारिकाप्रसाद पौडेल र प्रमुख व्यावसायिक अधिकृत गोपालसिंह केसीसमेतको उपस्थिति रहेको थियो । यसअघि टेलिकमका कर्मचारीले दुई करोड दुई लाख २६ हजार ६६ रूपैयाँ हस्तान्तरण गरिसकेका छन् । टेलिकमले प्रभावित क्षेत्रका सेवाग्राहीलाई बाढीपश्चात् नै ६ करोड रूपैयाँबराबरको निःशुल्क कल, डाटा र एसएमएस सुविधा उपलब्ध गराइरहेको छ । टेलिकमले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत हरेक वर्ष विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको छ ।

### ● नबिल बैंकले प्रस्ताव गर्‍यो १५.८० प्रतिशत लाभांश

नबिल बैंक लिमिटेडले आर्थिक वर्ष ०८२/८३ को वितरणयोग्य मुनाफाबाट सेयरधनीलाई कुल १५.८० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। बैंकको आइतबार बसेको सञ्चालक समितिको ७१२औँ बैठकले साधारण सेयरतर्फ पाँच प्रतिशत बोनस सेयर र १०.८० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो। प्रस्तावित बोनस सेयरका लागि एक अर्ब ३५ करोड २८ लाख ४९ हजार ८३६ रूपैयाँ ४६ पैसा र नगद लाभांशका लागि दुई अर्ब ९२ करोड २१ लाख ५५ हजार ६४६ रूपैयाँ ७६ पैसा रकम छुट्याइएको छ। उक्त रकममा बोनस सेयर तथा नगद लाभांशमा लाग्ने करसमेत समावेश गरिएको बैंकले जनाएको छ।

त्यस्तै, बैंकले आठ प्रतिशत अविमोच्य असञ्चिति अग्राधिकार सेयरतर्फ चुक्ता पुँजीको आठ प्रतिशतका दरले २३ करोड ३४ लाख २४ हजार ६५७ रूपैयाँ ५३ पैसा नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। उक्त लाभांश आर्थिक वर्ष ०८२/८३ मा बाँडफाँटको मितिबाट समानुपातिक रूपमा २१३ दिनका लागि हुने र रकममा करसमेत समावेश रहेको बैंकले जनाएको छ। बैंकका अनुसार अग्राधिकार सेयरतर्फ चुक्ता पुँजी पाँच अर्ब रूपैयाँ तथा साधारण सेयरतर्फ चुक्ता पुँजी २७ अर्ब पाँच करोड ६९ लाख ९६ हजार ७२९ रूपैयाँ २६ पैसा रहेको छ। आर्थिक वर्ष ०८२/८३ मा हासिल गरेको वित्तीय नतिजा तथा दिगो व्यावसायिक वृद्धिका आधारमा सेयरधनीलाई उचित प्रतिफल प्रदान गर्ने उद्देश्यले लाभांश प्रस्ताव गरिएको बैंकले जनाएको छ। प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति र बैंकको आगामी साधारणसभाबाट पारित भएपछि मात्रै वितरण हुनेछ। नबिल बैंकले देशभर २६३ शाखा र ३१५ एटिएममार्फत २६ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ। चार दशकदेखि बैंकिङ सेवा दिँदै आएको बैंकले हाल 'बैंकिङ एन्ड बियोन्ड' अवधारणामार्फत ग्राहक, समुदाय र समग्र अर्थतन्त्रका लागि समावेशी तथा समृद्ध भविष्य निर्माणमा केन्द्रित रहेको जनाएको छ।

### ● कुमारी बैंक पिसिएएफमा आबद्ध

कुमारी बैंक लिमिटेड पार्टनरसिप फर कार्बन अकाउन्टिङ फाइनान्सियल्स (पिसिएएफ)मा आबद्ध भएको छ । यससँगै बैंकले जिम्मेवार बैंकिङ, जलवायु कार्य तथा आफ्नो वित्तीय गतिविधिबाट हरितगृह ग्यास उत्सर्जन मापन र व्यवस्थापन गर्ने विषयमा थप पारदर्शिता कायम गर्नेछ ।

'पिसिएएफको सदस्य बनेसँगै बैंकले आफ्ना ऋण तथा लगानीबाट हुने हरितगृह ग्यास उत्सर्जनको मापन तथा सार्वजनिक रूपमा प्रकाशन गर्न पिसिएएफका विश्वव्यापी रूपमा मान्यता प्राप्त मापदण्ड तथा विधि प्रयोग गर्नेछ,' बैंकले भनेको छ, 'यो पहलले बैंकको जलवायुसम्बन्धी तथ्यांक, जोखिम व्यवस्थापन तथा दिगो वित्तसम्बन्धी अभ्यासलाई थप सुदृढ बनाउन महत्वपूर्ण कदमको प्रतिनिधित्व गर्दछ ।'

न्यून कार्बन तथा जलवायु-उत्थानशील अर्थतन्त्रतर्फको संक्रमणलाई सहयोग गर्न वित्तीय क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । पिसिएएफमा आबद्ध भएपछि यस बैंकले आफ्नो लगानी गतिविधिको जलवायु प्रभाव बुझ्ने क्षमता अभिवृद्धि गर्ने र त्यसबाट प्राप्त जानकारीलाई भविष्यका वित्तीय निर्णय, जोखिम व्यवस्थापन तथा दिगोपनासम्बन्धी पहलमा उपयोग गर्ने लक्ष्य राखेको छ । पिसिएएफ वित्तीय संस्थाहरूको विश्वव्यापी सहकार्य हो । यसले ऋण तथा लगानीमार्फत हरितगृह ग्यास उत्सर्जनको एकरूप मूल्यांकन गर्न सहजीकरण गर्दै आएको छ । 'कुमारी बैंकका लागि पिसिएएफको सदस्य बन्नु यसको व्यापक दिगोपनसम्बन्धी यात्रामा महत्वपूर्ण प्रगति हो,' विज्ञप्तिमा भनिएको छ, 'यसले बैंकको व्यवसाय तथा वित्तीय गतिविधिमा वातावरणीय पक्षलाई समावेश गर्ने प्रतिबद्धतालाई समेत प्रतिबिम्बित गर्छ ।'

### ● प्रभु बैंक र मेदान्ता-द मेडिसिटी हस्पिटलबिच सम्झौता

प्रभु बैंकका ग्राहक, कर्मचारी तथा परिवारले भारतस्थित गुरूग्राम हरियाणा मेदान्ता-द मेडिसिटी हस्पिटलको सेवा-सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ । सम्झौतामा बैंकका तर्फबाट कन्ट्री हेड (भारत) सुनील मिश्रा र हस्पिटलका तर्फबाट प्रमुख कर्पोरेट साझेदारी सत्य चतुर्वेदीले हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार बैंकका डेबिट-क्रेडिट कार्डवाहक ग्राहकले बहिरंग सेवामा सबै परामर्श तथा ल्याबोरेटरी र रेडियोलोजी जाँचमा १५ प्रतिशत छुट पाउने भएका छन् । त्यसैगरी, अन्तरंग सेवामा कोठाको भाडा तथा ल्याबोरेटरी र रेडियोलोजी जाँचमा पनि १५ प्रतिशत नै छुट पाउने भएका हुन् ।

### ● सोना सिमेन्टमार्फत एक करोड योगदान

सोनापुर मिनरल्स एन्ड आयल लिमिटेड (सोना सिमेन्ट)ले बाढी तथा विपत्बाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि संयुक्त रूपमा एक करोड रूपैयाँ सहयोग गरेको छ । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ५१ लाख प्रधानमन्त्री राहत कोषमा उक्त रकम प्रदान गरेको हो । त्यसैगरी, कम्पनीमा कार्यरत कर्मचारीले आफ्नो एक दिनको तलबबराबर चार लाख ९१ हजार कोषमा सहयोग गरेका छन् । साथै, शुभम् हेल्थ केयर प्रोडक्ट्स प्रालिमा डाइरेक्टरसमेत रहेका निपेश तायलले कम्पनीबाट पनि ५० लाख रूपैयाँ प्रधानमन्त्री राहत कोषमा सहयोग गरेका छन् । उक्त रकमको चेक कम्पनीका प्रबन्ध निर्देशक निपेश तायललगायतका प्रतिनिधिले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई भेटी कार्यालयमा हस्तान्तरण गरेका हुन् ।

### ● सिन्धु विकास बैंक र जानकी फाइनान्सलाई प्राप्ति गर्दै मुक्तिनाथ विकास बैंक

मुक्तिनाथ विकास बैंक लिमिटेडले जानकी फाइनान्स कम्पनी लिमिटेड र सिन्धु विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा प्रारम्भिक सम्झौता सम्पन्न गरेको छ। तीनवटै संस्थाबिच प्रस्तावित प्राप्ति प्रक्रियाका लागि प्रारम्भिक सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सम्झौतापत्रमा तीनवटै संस्थाका तर्फबाट सम्बन्धित प्रतिनिधिहरूले हस्ताक्षर गरेका छन्।

वित्तीय क्षेत्रलाई थप सुदृढ बनाउने, संस्थागत क्षमता अभिवृद्धि गर्ने, व्यवसाय विस्तार गर्ने तथा ग्राहकलाई थप प्रभावकारी वित्तीय सेवा उपलब्ध गराउने उद्देश्यले प्राप्ति प्रक्रिया अघि बढाइएको बैंकले जनाएको छ। प्रारम्भिक सम्झौताअनुसार प्रस्तावित प्राप्तिसम्बन्धी विस्तृत अध्ययन तथा मूल्यांकन, सम्पत्ति तथा दायित्वको यथार्थ परीक्षण (ड्यु डिलिजेन्स), सेयर आदान-प्रदानसम्बन्धी व्यवस्था तथा अन्य आवश्यक प्रक्रिया अघि बढाइनेछ।

प्रस्तावित प्राप्ति नेपाल राष्ट्र बैंक तथा प्रचलित कानुनबमोजिम आवश्यक स्वीकृति र नियामकीय प्रक्रिया पूरा भएपछि मात्र अन्तिम रूपमा कार्यान्वयन हुनेछ।

तीनवटै संस्थाले प्रस्तावित प्राप्ति प्रक्रियालाई पारदर्शी, व्यवस्थित तथा प्रचलित कानुनी एवं नियामकीय व्यवस्थाअनुसार अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्। साथै, प्रक्रियामा सम्बन्धित सबै सरोकारवालाको हितलाई प्राथमिकतामा राखिने बैंकले जनाएको छ।

## न त सुशासन...

टिओबी लेखेका व्यक्तिहरु मोटरसाइकलको साइलन्सर हटाएर मोटरसाइकल पड्काउँदै भद्रकाली मन्दिरबाट माइतीघर हुँदै बानेश्वरतर्फ लागे । उनीहरु बानेश्वर पुग्दा सम्म विरोध प्रदर्शन शान्तिपूर्ण रूपमा थियो । तर उनीहरूले नै प्रहरीले राखेको व्यारिकेट हटाएर विद्यार्थी भाइबहिनीहरूलाई अगाडि बढ्नु भनिरहेका थिए । जब उनीहरु संसद भवनको ढोकामा पुगेर ढोका भत्काउन थाले तब गोली चल्यो । त्यही गोलीका कारण काठमाडौमा १९ जनाको निधन भयो भने इटहरीमा गोली चलेर २ जनाको निधन भयो ।

भाद्र २३ गतेको गोली काण्डको विरोध गर्न भाद्र २४ गते भेला भएका व्यक्तिहरूले विध्वसात्मक कार्य गरेका थिए । भाद्र २३ गते नै सहकारी ठगीमा अदालतको आदेशनुसार पुर्पक्षका लागि जेलमा रहेका रास्वपा सभापति रवि लामिछानेलाई रास्वपा नेता मनिष झाले नेतृत्वमा गएको भिडले जेलमुक्त गराएको थियो ।

रवि जेलमुक्त भएपछि उनी पर्दाभित्रै रहेर रास्वपाका नेता तथा कार्यकर्ताहरु समेत सिंहदरबारमा आगजनी गर्न सक्रिय भएका थिए । त्यसमा तोसिमा कार्की सहितका धेरै रास्वपाका नेता तथा कार्यकर्ताहरूले 'देखिस् ओली तेरो सिंहदरबारमा आगो लगाइदियौँ' भन्दै बल्ल पर्‍यो माकुरी जालैमा भन्ने गितमा नाचगान गरिरहेका थिए । तर सिंहदरबारभित्र रहेको नेपाली सेनाले रमिता हेरेर बसिरहेको थियो ।

सो दिन सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, राजनीतिक दलका शिर्ष नेताहरूका निवास केही व्यावसायिक भवनहरु समेत आगजनी भयो भने मुलुकभरमै त्यस्ता अप्रिय घटना घटाइयो । यी सबै घटनाहरु एक दुई दिनको तयारीमा एकै पटक एउटै समयमा हुन सक्ने सम्भावना नै देखिँदैन । त्यसैले भन्न सकिन्छ कुनै गिरोहको इसारामा लामो तयारी पछि जेनजीहरूको विरोध प्रदर्शनको बहानाबाजी गरेर मुलुक ध्वस्त बनाउने षड्यन्त्र गरिएको थियो भनेर । जेनजीहरूको विरोध प्रदर्शनलाई देखाएर आफ्नो स्वार्थ पूरा गर्नेहरूले नै अहिले सत्ता सञ्चालन गरिरहेको भएपनि जेनजी अगुवाहरूले सरकारको काम कारबाहीलाई लिएर अहिले विरोध गरिरहेका छन् भने उनीहरूलाई सरकारले वेवास्ता गर्दै आएको छ । जेनजीहरूले त्यसबेला सुशासन र पारदर्शिताको माग गरेका थिए तर अहिले न सुशास कायम भएको छ नत पारदर्शिता नै । प्रधानमन्त्री बालेन रास्वपाका वरिष्ठ नेता समेत रहेका भएपनि रास्वपाकै कतिपय नेताहरूले प्रधानमन्त्रीको काम कारबाहीलाई लिएर विरोध प्रदर्शन गरिरहेका छन् भने अहिले पनि जेनजीहरूले जेलमा रहेका छन् भने जेनजीहरूलाई देखाएर फागुन २१ गते भएको संसदीय निर्वाचमा रास्वपामा प्रवेश गरेर निर्वाचित भएका व्यक्तिहरु नै सत्तामा रहेका छन् । तर उनीहरूको काम कारबाही प्रतिशोधपूर्ण रहेको आरोप उनीहरूमाथि लाग्दै आएको छ । प्रधानमन्त्री बालेन कुनै अँध्यारो कोठामा बसेर स्टाटसमार्फत पूराना भनिएका दलका शिर्ष नेताहरूलाई गाली गलौज गर्दै आएको हुनाले उनैको सिको गर्दै कार्यकर्ताहरूले स्टाटसमार्फत विपक्षीहरूलाई मानमर्दन गर्दै गालीगलौज गरेका छन् । त्यही कारणले गर्दा नत सुशासन कायम भयो नत पारदर्शिता नै ? सुशासन र पारदर्शिता कायम हुन नसकेको भएपनि भ्रष्टाचारका विषयमा भने अहिलेसम एक दुई बाहेक अन्य सुनिएको छैन भने प्रधानमन्त्रीका विरूद्ध भ्रष्टाचारको आरोप लागेको नभएपनि केही मन्त्रीहरूको विरूद्ध भ्रष्टाचारका आरोपहरु जेनजीहरूले नै लगाउन थालेका छन् ।

बालेन सरकारलाई अहिलेसम्म सुरक्षा निकायको राम्रो सहयोग गरेको छ त्यसमा पनि नेपाली सेनाले । नेपाली सेनाले पनि भाद्र २३ र २४ गतेको घटनामा महत्वपूर्ण भूमिका निभाउन नसकेको आरोप उमाथि लाग्दै आएको छ । सुशिला कार्की नेतृत्वको सरकार गठन गर्न सेनाले महत्वपूर्ण भूमिका निभाएको र सुशिला कार्की नेतृत्वको सरकारले गराएको गत फागुन २१ गतेको संघीय संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएकोमा सुरक्षा निकायको त्यसमा पनि सेनाको महत्वपूर्ण भूमिका रहेको छ ।

प्रधानमन्त्री बालेनलाई जेनजीहरूले खोज्न थालेको भएपनि उनी जेनजीहरूलाई भेट गर्न तयार देखिँदैन त्यसको कारण के हुन सक्छ ? त्यही कारणले गर्दा बालेन सरकारप्रति जेनजीहरु नै असन्तुष्ट रहनुको कारण के हुन सक्छ ? भन्ने प्रश्न समेत उठेको छ ।

## गत भाद्र...

जल्यो, प्रधानमन्त्रीको सरकारी निवास जल्यो, राजनीतिक दलका शिर्ष नेताहरूको निजी निवास जले, व्यवस्थापिका भवनहरु मात्र जलेनन्, ७२ जनाको ज्यान गयो । यी घटना मानव सिर्जित थिए तर भाद्र १० गतेको बाढी मानव सिर्जित थिएन, प्राकृत्तिक विपत्ति थियो । के उद्दार र राहतले मात्र पिडित जनताले न्याय पाउँछन् त ?

जेनजी आन्दोलन र त्यसपछिका अराजकता पनि न्यायकै पक्षमा पखाईमा छन् । एक वर्षपछि पनि २०८२ भाद्र २३ र २४ गतेको प्रश्नहरु अनुत्तरित्त नै छन् । भाद्र २३ गते मारिनेहरूले न्याय पाए ? त्यसबेलाका परिस्थिति नियन्त्रण गर्न सुरक्षा निकाय कहाँ चुक्यो ? राजनीतिक नेतृत्व कहाँ चुक्यो ? भाद्र २४ मा मुलुकमा अराजकताले राज्य गर्‍यो ।

राष्ट्रिय र निजी सम्पत्ति जलाइए ? त्यो अराजकताका योजनाकारहरु को को थिए ? उनीहरु को थिए, हिंसा उस्काउने भूमिकामा ? हिंसा मच्चाउने भूमिकामा को थिए त्यसबेला फेसबुकमा स्टाटस लेख्दै यसो गर, उसो गर भनेर आदेश दिने को थिए ? यी घटनाका बारेमा छानविन गर्न बनेको समितिको प्रतिवेदन र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन किन दराजमा राखिएका छन् ?

भाद्र २३ र २४ गतेको घटनालाई एउटै डालोमा हाल्ने के न्याय हो ? सिंहदरबारदेखि शिर्ष नेताहरूका निवास छानीछानी आगजनी गर्न आदेश दिने र आगजनी गर्नेहरु को को हुन् ? उनीहरु अहिले कहाँ छन् भने सबै प्रश्नको जवाफ नआएसम्म जेनजी आन्दोलनले न्याय पाउन सक्दैन ।

भाद्र २३ र २४ गतेको घटनापछि किन त्यही जेनजी आन्दोलनमा संलग्न रहेकाहरु सबै रास्वपामा प्रवेश गरे त्यसको अर्थ के रहन्छ ? अब त्यस विषयमा समेत अनुसन्धान गर्नुपर्ने र अपराधमा संलग्न रहेका जोसुकै भएपनि उनीहरूलाई कानुनी दायरामा ल्याउनै पर्दछ तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साहले आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए ।

सिंहदरबारमा आगो लाग्यो तर बालेनसँग सोधपुछ सम्म भएन । आखिरी किन ? जेनजीहरूको विरोध प्रदर्शनको लागि अनुमति माग्न सुधन गुरूङले नै सिडियो कार्यालय काठमाडौमा निवेदन दिएका थिए तर किन उनले भाद्र २३ गतेको प्रदर्शनमा आफू पानी बाँड्न आएको मात्र बताए ? त्यस विषयमा अनुसन्धान हुनुपर्ने कि नपर्ने ? जबसम्म भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यको अनुसन्धान गरी दोषी देखिएका व्यक्तिहरूलाई कारबाही हुँदैन तबसम्म जेनजीहरूले न्याय पाउन सक्दैनन् । के बालेन सरकार त्यो विषयमा छानविन र अनुसन्धान गर्न तयार छ ?

## भाद्र २३ र...

त्यहाँ कसको कमजोरी रह्यो भने केही उल्लेख नगरी आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको भएपनि सो प्रतिवेदन हलसम्म सार्वजनिक नगरिएकोले २३ गतेको घटनाको वास्तविकता बाहिर आउन सकेको छैन । २३ गते गोली लागेर काठमाडौमा १९ र इटहरीमा २ जना गरी २१ जनाको निधन भएको थियो भने त्यसक्रममा जम्मा ७६ जनाको निधन भएकोमा उनीहरु को थिए र उनीहरूको निधन कसरी भयो भनेर आजसम्म कुनै अनुसन्धान नै भएको छैन । भाद्र २३ गतेको घटनालाई लिएर भाद्र २४ गते सिंहदरबारसहित सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवास, केही व्यावासायिक भवनहरूमा समेत आगजनी गरियो ।

भाद्र २३ गते नै सहकारी ठगीको आरोपमा अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका रास्वपाका सभापति रवि लामिछानेलाई जबरजस्ती जेलबाट मुक्त गरियो । यी सबै कारणहरूले गर्दा प्रष्ट हुन्छ भाद्र २३ र २४ गतेका घटनाहरु एकै प्रकारका होइनन् भनेर । त्यस विषयमा छानविन गर्न राष्ट्रिय मानवअधिकार आयोगले सदस्य लिलि थापाको संयोजकत्वमा समेत समिति गठन गरेको थियो ।

सो समितिले समेत भाद्र २३ र २४ गतेको घटनाको अनुसन्धान गरी केही व्यक्तिहरूलाई कारबाही गर्न र केही व्यक्तिका बारेमा अनुसन्धान गरी कारबाहीगर्न सिफारिस गरी आफ्नो प्रतिवेदन बुझाईसकेको भएपनि हालसम्म दुवै प्रतिवेदनहरु सार्वजनिक नगरिएकाले भाद्र २३ र २४ गतेका घटनाहरु कसरी भयो सो घटनामा को को संलग्न थिए ? त्यो रहस्य बाहिर आउन सकेको छैन ।

सिंहदरबारमा आगजनी गरेर देखिस् ओली तेरो सिंहदरबार जलाईदियौँ भन्दै नाचगान गर्ने रास्वपाका तत्कालिन सांसद तोसिमा कार्की सहितका अन्य नेता तथा कार्यकर्ताहरूले बल्ल पर्‍यो माकुरी जालैमा भनेर नाचगान गरेका हुनाले भाद्र २३ र २४ गतेको घटनामा को को संलग्न थिए भनेर जनताले प्रश्न उठाइरहेका भएपनि बालेन सरकारले ती प्रतिवेदनहरु दराजमा थन्काएर राखेको हुनाले भाद्र २३ र २४ गतेको घटना एक्कासी नभएर षड्यन्त्रपूर्वक ढँगले सत्ता हत्याउनका लागि लामो समयदेखि तयारी गरेर गरेको प्रष्ट हुँदै गएको छ । त्यही कारणले गर्दा ती प्रतिवेदनहरु सार्वजनिक गर्न बालेन सरकारले चाहिरहेका छैन । त्यसको एउटै कारण कारण हुनसक्छ रास्वपाका धेरै नेताहरु र कार्यकर्ताहमाथि कारबाही हुन सक्ने डर ।

## भदौ २४...

अध्यक्ष ओलीले लोकतन्त्रमा असन्तुष्टि र माग राख्ने अधिकार सुरक्षित भए पनि सरकार परिवर्तनका लागि संवैधानिक र शान्तिपूर्ण बाटोबाहेक अन्य विकल्प स्वीकार्य नहुने स्पष्ट पारेका छन् । साथै, लोकतन्त्र, संविधान, राष्ट्रिय हित र शान्तिको रक्षाका लागि लोकतान्त्रिक तथा वामपन्थी शक्तिहरूबीच सहकार्य गर्न अपिल गरेका छन् ।

## भाद्र २३ को जगमा...

सरकारले संसदको निर्वाचन गरायो । त्यो निर्वाचनका निर्वाचनका लागि निर्वाचन मात्र थियो ।

भाद्र २३ र २४ गतेको घटनाहरु एक्कासी घटेका घटना थिएनन् । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरूङले नै विरोध प्रदर्शनका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौमा निवेदन दिएका थिए तर उनले आफू पानी बाँड्न आएको सार्वजनिक रूपमै उद्घोष गरेका हुनाले भाद्र २३ र २४ गतेको घटनाहरु सबै सुनियोजित थिए भनेर अहिले प्रमाणित हुँदै गएको छ । भाद्र २४ गतेको विध्वसत्मक घटनामा रास्वपाका प्रायः सबै नेता तथा कार्यकर्ताहरु सहभागि भएका थिए भने सहकारी ठगी काण्डमा जेलमा रहेका सभापति रविलाई जेलबाट मुक्त गरिएको र भाद्र २४ गतेको घटना रास्वपाका नेता तथा कार्यर्ताहरु नै सहभागि भएका थिए भने उनीहरूलाई काठमाडौ महानगरका तत्कालिन मेयर बालेनको समर्थक थियो । त्यही कारणले गर्दा बालेन सहित सुधन गुरूङ लगायत धेरै व्यक्तिहरु रास्वपामा प्रवेश गरे । उनीहरु रास्वपाकै टिकटबाट संसदीय निर्वाचनमा गएको र उनीहरु प्रायः सबै निर्वाचित भएर अहिले संसदमा पुगेका र रास्वपाकै बालेन नेतृत्वको सरकार बनेको हुनाले त्यसबेलाको विरोध प्रदर्शन त भाद्र २४ गतेको विध्वसात्मक कार्यको लागि मात्र रहेको विस्तारै प्रमाणित हुँदै गएको जस्तो देखिएको छ ।

## सत्तापक्षकै...

दुःख पर्दा एकजुट भएर आफ्ना दाजुभाई, दिदिबहिनी, आमावुवालाई सक्दो सहयोग गर्ने नेपाली परम्परा रहेको भएपनि गत सालको भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको आगजनीको बेला भएको विध्वसात्मक कार्यमा संलग्न भएकाहरूलाई कानुनी कारबाहीमा नल्याइएको परिणाम स्वरूप अहिले जे पायो त्यही फेसबुकमा लेख्ने र आफूलाई मन नपरेकाहरूलाई तथानाम गाली गर्ने क्रम बढेको छ । खासगरेर पछिल्लो समयमा रास्वपा समर्थक र प्रधानमन्त्री बालने साह समर्थकहरूले सरकारका बारेमा विरोध नहोस् र सरकारालई प्रश्न नगर्नु भन्ने दम्भ रहेको जस्तो देखिन्छ ।

सत्ता पक्षमा रहेका मतदाताहरु र समर्थकहरूबाटै विपक्षी दलका नेता तथा कार्यकर्ताहरु सरकारका काम कारबाहीका बारेमा प्रश्न उठाउने पत्रकारहरु समेत त्यसको मारमा परेका छन् । लोकतान्त्रिक व्यवस्थामा सरकारलाई प्रश्न गर्न पाउनु जनताको नैसर्गिक अधिकार हो । जनताले प्रश्न उठाएकै आधारमा उनीहरूलाई जे पायो त्यही भन्ने, लेख्ने प्रवृत्तिलाई सत्ता पक्ष वा विपक्षी दलले बढवा दिनु कुनै सर्तमा पनि उचित हुन सक्दैन ।

नेपालको सामाजिक संरचना अनुसार जो हावी छ उसले शक्तिको नजकि छु भनेर भ्रम पाल्ने र अरूलाई हेप्ने र प्रहार गर्ने प्रवृत्ति पछिल्लो समयमा ह्वात्तै बढेको छ । उनीहरु सोच्छन् हाम्रो सरकार छ, हामी शक्तिमा छौँ, हामी सत्तापक्षका हौँ हामीले जे गर्दापनि छुट हुन्छ भन्ने भ्रममा परेर सत्ता पक्षकै समर्थकहरूले भ्रम फैल्याइरहेका हुनाले सरकारले के सत्ता पक्ष के विपक्ष कोहीलाई नहेरी भ्रम फैल्याउनेहरूलाई कानुनी कारबाहीमा ल्याउनुपर्ने आवश्यकता देखिन्छ ।

सरकारले पनि पक्ष, विपक्षलाई नहेरी नेपाली समाजको संरचना कस्तो छ र त्यसलाई विथोल्न खोज्नेहरूको को हुन् भनेर उनीहरूको बारेमा अनुसन्धान गरी कानुनी कारबाही गर्नुपर्ने आवश्यकता देखिएको छ । त्यसरी कारबाही गर्दा सत्ता पक्ष र विपक्षी भनेर छुट्याउनु हुँदैन ।

## न सुशासन...

विरोध प्रदर्शनको लागि अनुमति माग्ने व्यक्तिहरूमा सुधन गुरूङ समेत थिए तर किन उनले आफ्नो परिचय लुकाएर आफू कुनै नेता नभएको र पानी बाँड्न मात्र आएको अभिव्यक्ति दिए ? तिनै सुधन गुरूङ गत फागुन २१ गते भएको संघीय संसदको निर्वाचनमा रास्वपाबाट उम्मेदवार बनेर सांसद हुँदै हाल गृहमन्त्री रहेका छन् । गुरूङसँगै भाद्र २३ र २४ गतेको घटनामा संलग्न हुनेहरु प्रायः सबै रास्वपामा प्रवेश गर्नु संयोग हो कि षड्यन्त्र ?

पछिल्लो समयमा बालेन सरकारको विरोध हुन थालेपछि विरोध गर्नेहरूलाई तथानाम गाली गलौज गर्न थालिएको छ भने प्रधानमन्त्री बालेन नै फेसबुकमा विरोधीहरूलाई गाली गर्दै स्टाटस लेख्न थालेका छन् । आफ्नो असफलता र कुकर्मको पर्दाफास हुने भएपछि जनताको ध्यान अर्कोतिर मोड्न प्रधानमन्त्री बालेन पुराना भनिएका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूका विरूद्ध स्टाटस लेख्न थालेका छन् ।

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र सहकारी ठगी प्रकरणमा अदालतको आदेशमा पुर्पक्षका लागि जेलमा रहेका रास्वपा सभापति रवि लामिछाने र रास्वपाको के सम्बन्ध रहेको थियो ? भाद्र २३ गते उनलाई जेलमुक्त गरिएपछि २३ र २४ गतेको घटनामा संलग्न रहेकाहरु प्रायः सबै रास्वपामा नै प्रवेश गर्नु र अँध्यारो कोठामा बसेर जेनजीहरूलाई निर्देशन दिने बालेन समेत रास्वपामै प्रवेश गर्नु के संयोग हो कि षड्यन्त्रको जालो ? अब त्यस विषयमा अनुसन्धान र छानविन गरी सिंहदरबार लगायत अन्य सरकारी भवनहरूमा आगजनी गर्नेहरूमाथि कानुनी कारबाही हुन्छ कि हुँदैन ?

पछिल्लो समयमा मुलुक भाद्र १० गतेको रसुवामा आएको बाढीले गर्दा आक्रान्त भएको छ धेरै व्यक्तिले ज्यान गुमाएका छन् भने खर्बौंको क्षति भएको बेलामा पनि किन प्रधानमन्त्री बालेन विपक्षी दलका नेताहरूलाई स्टाटसमार्फत गाली गलौज गरिरहेका छन् ? त्यसको रहस्य के हो ? अब विस्तारै त्यो रहस्य खुल्दै जाने निश्चित रहेको छ ।

## संकटमा...

रहेका छन् । स्थानीय प्रशासन, प्रदेश सरकार र केन्द्रबीच समन्वय नहुँदा राहत कार्य चुस्त हुन सकेको देखिएन । सुरक्षा निकायसँग राहत सामाग्री थन्किएका भएपनि समयमै विस्थापितलाई दिन सकिएको देखिएन । प्रधानमन्त्री राहत कोषमा १२ अर्ब भन्दा बढी रकम राहत कोषमा जम्मा भैसकेको भएपनि वितरणमा निकै ढिला भएको छ ।

यतिधेरै रकम प्रधानमन्त्री राहत कोषमा जम्मा हुनु भनेको नेपालीहरु र विदेशमा रहेको नेपाली सहित विभिन्न निकाय सहयोग गर्न चाहन्छ भन्ने प्रष्ट रूपमै देखिएको छ । तर सरकारको एकद्वार नीतिले गर्दा जम्मा भएको रकम र राहत सामग्रीको उचित उपयोग हुन सकेको छैन । यसकारणले आवश्यक योजना तर्जुमा अबलोकन र कार्यान्वयनमा बालेन सरकार असफल भएको जस्तो देखिएको छ । प्रधानमन्त्री बालेनद्वारा पटक पटक संसदको अवमूल्यन भएको छ । कुनै तहमा वार्ताको संस्कार र संस्कृतिमा प्रधानमन्त्री बालेनको विश्वस देखिँदैन । अर्थमन्त्रीको सचिवालयमा १ लाख रूपैँया चन्दा दिन एकजना नागरिक आउनुलाई उनको इमान्दारिताका प्रमाणपत्रका रूपमा स्थापित गर्न चाहान्छन् । यो अभियानको राष्ट्रिय विपत्तिमा यस्ता उच्छृखल राजनीति अक्षम्य र अमानवीय महत्वकांक्षाको संकेत बाहेक अन्य केही हुन सक्दैन ।

२०७२ सालको भुइचालो पछिको शिखर सम्मेलनमा उपस्थित भएका जापानी मन्त्रीले नेपालले प्राप्त गर्ने सहयोगमा भ्रष्टाचार नहुने आश्वासन मागेको थिए । तत्कालिन प्रधानमन्त्री सुशिल कोइरालासँग त्यो भन्दा अहिले नेपाली शासकहरूले छवि धेरै गुमेको छ । बालेन सरकार वा प्रधानमन्त्रीको छवी आर्थिक भ्रष्टाचारको हिसाबले स्वच्छ देखिएपनि उनका मन्त्री र उनका आफन्तामथि शंकाको सुई तेर्सिन थालेको छ । जेनजी आन्दोलनका नाममा राष्ट्रिय सम्पत्तिको क्षतिको आकार झण्डै हालको बाढीबाट भन्दा बढी आर्थिक क्षति पुगेको जस्तो देखिन्छ । गत भाद्र २३ र २४ गते खरानी समूहलाई हिरोका रूपमा सम्मान गरिनु नुवाकोटका विस्थापित भएकाहरूलाई कसरी सम्झिएला सरकारले अहिले प्रश्न भनेको यही हो ।


**मानसिक स्वास्थ्यमा ध्यान दिऔं**

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौ.
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

खुलेर कुरा गरौंः मानसिक स्वास्थ्यको संरक्षण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार